जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ३६, २०७९ साल चैत ३ गते शुक्रबार, नेपाल संवत् ११४३ (March. 17, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## राष्ट्रिय गौरवका आयोजना कछुवा गतिमा

काठमाडौं । आर्थिक वर्ष २०६४/६५ बाट निर्माण कार्य सुरु भएको यस आयोजनाको भौतिक प्रगति ६४.१६ प्रतिशत छ भने वित्तीय प्रगति ६९.७९ प्रतिशत भएको छ । ३३ अर्ब ३६ करोड लागत अनुमान रहेको यस आयोजनाको लागत बढेर ८४ अर्ब ३३ करोड पुगेको छ । यस आयोजनामा हालसम्म ५८ अर्ब ८५ करोड खर्च भएको छ । चालू आर्थिक वर्षमा यस आयोजनाका लागि ६ अर्ब ७१ करोड रुपियाँ बजेट विनियोजन भएको छ । आर्थिक वर्ष २०६६/६७ बाट निर्माण सुरु भएको यस आयोजनाको बाँकी ८ पेजमा

## एसएसबीको ज्यादतीविरुद्ध प्रदर्शन

काठमाडौं । महोत्तरीको सम्सी नाकामा भारतीय सीमा सुरक्षा बल (एसएसबी)का एक जवानले नेपाली युवकलाई कुटपिट गरेको भन्दै स्थानीयले विरोध प्रदर्शन गरेका छन् । सम्सी गाउँपालिका-७ का सन्तोकुमार साहलाई एसएसबीले कुटपिट गरेको भन्दै स्थानीयले विरोध प्रदर्शन गरेका छन् ।

नेपाली सीमा क्षेत्रबाट भारत प्रवेश गर्न खोज्दा एसएसबीले नेपाली नागरिकताको प्रमाणपत्र खोजेको विषयमा विवाद भएको र बुधबार अपराह्न बाँकी ८ पेजमा

# कमजोर बन्दै संघीयताका आधार स्तम्भ

काठमाडौं । युरोपेली युनियन र भारतको दबाबमा भित्र्याइएको संघीयताले नेपाललाई एक असफल राष्ट्रतर्फ डोऱ्याउँदै लगेको छ । दोस्रो वसन्त आन्दोलन २०६२/६३ को माग संघीयता थिएन, न त धर्मनिरपेक्ष र गणतन्त्र नै थियो । 'वी वान्ट डेमोक्रेसी' सडकमा घन्किएको यही नारा थियो । निरंकुश राजतन्त्र मुर्दावाद भन्दै जनताले तत्कालीन राजा ज्ञानेन्द्रलाई संविधानभित्र बस्न सुझाएका थिए । गणतन्त्र जिन्दावादको नारा कतै लागेको थिएन । कांग्रेसले संसद पुनःस्थापनाको माग गरेको थियो ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संसदलाई किस्तीमा राखेर राजदरबारमा चढाएका थिए । संसद विघटित अवस्थामा थियो । तर तत्कालीन राजा ज्ञानेन्द्रले आफूमा अन्तर्निहित विशिष्ट अधिकारको प्रयोग गर्दै संसद पुनर्स्थापना गरिदिए । यसअघि आन्दोलनरत सात दल र दरबारबीच संवैधानिक राजतन्त्र राख्ने मौखिक सहमति भएको कुरा अहिले सार्वजनिक भइरहेको छ । स्वयं पूर्वराजा ज्ञानेन्द्रले दलहरूसँग सहकार्यको विषयलाई उठाएका छन् । उनले राजसंस्थाको 'स्पेस' खोजी गरेका छन् । 'दाल मे कुछ काला' त पक्कै छ किनकि आफैंलाई हटाउन राजाले संसद किन पुनर्स्थापना गर्थे ? संसद पुनर्स्थापना गर्न लगाएर राजनीतिक दलहरूले राजालाई असंवैधानिक कदम चाल्न बाध्य गराए । २०४७ को संविधानमा राजाले विघटन भएको संसद पुनर्स्थापना गर्न पाउने व्यवस्था समावेश थिएन ।

भारतको केन्द्रीय शासनमा त्यसबेला भारतीय राष्ट्रिय कांग्रेस विराजमान थियो । कांग्रेस अध्यक्ष सोनिया गान्धी इटाली मूलकी क्रिस्चियन भएकाले उनी नेपाललाई हिन्दू राष्ट्रबाट धर्मनिरपेक्ष राष्ट्र बनाउन चाहन्थिन् । राजीव गान्धीसँग नेपाल भ्रमणमा आएका बेला उनलाई पशुपतिनाथ मन्दिर प्रवेश गर्न नदिएको बदला लिनु थियो । क्रिस्चनरी मिसन, भ्याटिकनसिटी र पश्चिमा




युरोपेली देशहरूसमेत हिन्दू राष्ट्र नेपाल हटाउन एकैसाथ लागिपरे । नेपालको संसदका तत्कालीन सभामुख सुवासचन्द्र नेम्बाङलगायत सांसदहरू डलर र युरोमा बिक्री भए ।

नेपालको अन्तर्राष्ट्रिय पहिचान, हिन्दू राष्ट्र नेपाल, त्यही असंवैधानिक तवरले ब्युँताइएको संसदले हटाइदियो । संसदले विस्तारै राजाका अधिकारहरू कटौती गर्दै गणतन्त्रको अभ्यास सुरु गऱ्यो । अन्तरिम संविधानमा गणतन्त्र नलेखिए पनि राजसंस्थाको भूमिकाबारे कुनै उल्लेख नगरिनुले देश गणतन्त्रमय बनाइएको थियो । भारत खासगरी भारतीय राष्ट्रिय कांग्रेस नेपाललाई गणतन्त्रात्मक बनाउन भएभरको न्वारनदेखिको बल निकालेर लाग्यो । राजसंस्था रहेसम्म नेपाललाई उपनिवेश बनाउन नसकिने भारतीय खुफिया एजेन्सी रअले कांग्रेस अध्यक्ष सोनियालाई ब्रिफिङ गरिसकेको थियो । चीनलाई सार्कमा सहभागी गराउनुपर्ने प्रस्ताव तत्कालीन राजा ज्ञानेन्द्रले ल्याएपछि भारत भड्कियो र राजा ज्ञानेन्द्रलाई फाल्न लागिपऱ्यो । सम्भवतः त्यसबेला भारतीय जनता पार्टी भारतको केन्द्रीय सत्तामा भएको भए नेपालको राजसंस्था म्युजियममा पुग्ने थिएन ।

सन् १९७५ मा तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले स्वतन्त्र हिमाली राज्य सिक्किमलाई भारतमा विलय गराएपछि नेपालको तराई भूभागलाई अधिनस्थ गर्न तत्कालीन रअ प्रमुख काओलाई निर्देशन दिइन् । रअले मिसन नेपाल सुरु गर्दैगर्दा भारतमा लोकआन्दोलन दन्कियो । इन्दिराले भारतमा इमर्जेन्सी लागु गरिन् । आन्दोलनरत विपक्षी दलका नेताहरूलाई जेलमा कोचिदिइन् । लगत्तै भएको भारतीय आमनिर्वाचनमा कांग्रेस आईले नराम्ररी धक्का खायो । स्वयं इन्दिरा निर्वाचनमा पराजित भइन् । नेपालको तराई भूभागलाई भारतीय मानचित्रमा गाभ्ने इन्दिराको अभिष्टता पूरा भएन । इन्दिराको यही इच्छालाई पूरा गर्न ०६४ मा भारतकै जोडबलमा तराईमा आन्दोलन उठाइयो ।

कथित मधेसवादी दल र तिनका नेताहरूले 'सम्पूर्ण मधेस एक प्रदेश' को माग गर्दै तराईलाई कुरुक्षेत्रमा परिणत गराए । मधेसी दलहरूमार्फत फेरि पनि तराई निल्ने रणनीतिका साथ भारतले संघीयताको विखण्डनकारी अस्त्र प्रयोग गऱ्यो । त्यसो त माओवादी द्वन्द्वकालमै एसडीमुनिका चेला बाबुराम भट्टराई नेतृत्वको कथित जनसरकारले देशलाई कित्ताकाट गरी दर्जनौं जातीय राज्यको अभ्यास सुरु गरिसकेको थियो ।

दोस्रो जनआन्दोलन २०६२–६३ ले संघीयताको माग गरेको थिएन न त समानुपातिक र समावेशी नेताहरूका आफन्तहरूको हित गर्ने निर्वाचन प्रणाली नै । मिश्रित निर्वाचन प्रणाली नेपालमा थोपरेर सधैं राजनीतिक अस्थिरता पैदा गर्ने भारतीय रणनीतिको कार्यान्वयन सुरु गरियो । नेपालमा आफूप्रति अनुग्रहित बाँकी ८ पेजमा

## किन रद्द गरे प्रचण्डले बोआओ सम्मेलन ?



काठमाडौं । भारतपरस्त माओवादी नेताको आरोप खेप्दै आएका प्रधानमन्त्री पुष्पकमल दाहालले भारत भ्रमणको गृहकार्य सुरु गरेका छन् । चैत ६ गते विश्वासको मत लिने तयारी गरेका प्रचण्ड प्रधानमन्त्रीका रूपमा तेस्रो पटक भारत भ्रमणमा जान लागेका हुन् । हेनान प्रान्तमा चैत १४ देखि १७ सम्म हुने चीनमा आयोजना हुन लागेको 'बोआओ फोरम फर एसिया' मा प्रधानमन्त्री दाहाल सहभागी नहुने बताइएको छ । चिनियाँ राजदूत छन सोङले फागुन १० मै भेटेर दाहाललाई कार्यक्रममा सहभागी हुने निमन्त्रणा दिएका थिए ।


पहिलोपल्ट प्रधानमन्त्री हुँदा दाहाल चीनको भ्रमणमा गएका थिए । बहाना थियो– चीनमा आयोजित ओलम्पिकमा सहभागी हुने । यस बाँकी ८ पेजमा

## नयाँ आईजीपीका लागि दौडधूप
### कांग्रेस र माओवादी आआफ्नै कसरतमा

काठमाडौं । ३० वर्षे सेवा अवधि हटाएर आफ्नो कार्यकाल लम्ब्याउने प्रहरी महानिरीक्षक (आइजिपी) धीरजप्रताप सिंहको चलखेल सफल नभए आगामी ११ चैत ०७९ मा नेपाल प्रहरीले नयाँ आइजिपी पाउनेछ । नयाँ आइजिपीको लागि एक साताअघि प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) मा बढुवा भएका पाँच जना दौडमा छन् ।

गृह मन्त्रालयले गत शुक्रबार नेपाल प्रहरीमा रिक्त पाँच एआइजीका लागि नायब महानिरीक्षक (डिआइजी) हरू वसन्तबहादुर कुँवर, टेकप्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण वज्राचार्यको नाम सिफारिस गरेको छ । वर्तमान आइजिपी सिंहले सेवा अवधि लम्ब्याउन गरिरहेको तीव्र चलखेल सफल नभए यी पाँच एआइजीमध्येबाट एक जना आइजिपी बन्नेछन् ।

कुँवर मधेस प्रदेश, राई लुम्बिनी,



थापा बागमती, ज्ञवाली कोसी प्रदेश प्रहरी प्रमुख र वज्राचार्य प्रहरी प्रधान कार्यालयको प्रशासन विभाग प्रमुखका रूपमा कार्यरत छन् । ०५१ चैत ५ र ०५२ भदौमा प्रहरी निरीक्षकमा भर्ना भएका उनीहरू ०७९ असार ८ मा १७ जना एकैसाथ एसएसपीबाट डिआइजीमा बढुवा भएका थिए । कुँवर, राई, ज्ञवाली, वज्राचार्य ०५१ सालमा भर्ना भएका हुन् भने थापा ०५२ सालमा भर्ना भएका हुन् । एआइजी बढुवा भएको दुई साता नबित्दै आइजिपी छान्नुपर्ने अवस्था आएकाले सरकारले आफू अनुकूल आइजिपी बनाउन थप सहज भएको छ । दुई साताको कार्यसम्पादन मूल्यांकनको अवस्था नरहेको कारण पाँच जनामध्ये जसलाई बनाए पनि यसअघिका जस्ता धेरै प्रश्नको समाना गर्नुपर्ने छैन । आइजिपी बढुवाको लागि सबैभन्दा तीव्र चलेखलमा एक नम्बरका कुँवर र तेस्रो नम्बरको थापा रहेको स्रोतको भनाइ छ । यी दुईमध्ये पनि कुँवर उत्साही रहेको बताइन्छ ।

वर्तमान आइजिपी सिंहले सकेसम्म आफ्नो सेवा अवधि लम्बाउन नसके कुँवरलाई बनाएर 'डिफ्याक्टो' चलाउने योजनामा छन् । त्यसो त कुँवरलाई सत्ता गठबन्धनको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको साथ छ । कुँवर ०७५ माघ २६ गते प्रहरी उपरीक्षक (एसपी)बाट प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)मा बढुवा हुँदा १३औं नम्बरमा थिए भने एक नम्बरमा सन्दीप भण्डारी थिए । ०७९ असार ८ गते एसएसपीबाट प्रहरी नायब महानिरीक्षक बाँकी ८ पेजमा

## बजेट घाटा एक खर्ब ५६ अर्ब ४४ करोड

काठमाडौं । चालु आर्थिक वर्ष २०७९-८० को आठ महिनामा सरकारको बजेट घाटा रू एक खर्ब ५६ अर्ब ४४ करोड नाघेको छ । फागुन मसान्तसम्म सरकारले रू सात खर्ब ७९ अर्ब २३ करोड बराबर बजेट खर्च गर्दा राजस्व संकलन भने रू छ खर्ब २२ अर्ब ७८ करोड १४ लाख मात्रै छ । महालेखा नियन्त्रक कार्यालयले बाँकी ८ पेजमा

## वित्तीय संस्थाहरूको ब्याजदर घट्यो

काठमाडौं । वाणिज्य, विकास बैंक तथा फाइनान्स कम्पनीहरूले ब्याजदर घटाएका छन् । वाणिज्य बैंकहरूको छाता संगठन नेपाल बैंकर्स संघ, विकास बैंकर्स, नेपाल वित्तीय संस्था संघले चैतमा कर्जा र निक्षेपको ब्याजदर घटाउने निर्णय गरेअनुसार बुधवारबाट लागू भएको हो । चैत १ गतेदेखि निक्षेपमा शून्य बाँकी ८ पेजमा

## राजस्व संकलन खुम्चिँदो अवस्थामा


काठमाडौं । पछिल्लो समय चौथर्फी मुलुकको आर्थिक सूचक कमजोर भइरहेसँगै चालू आर्थिक वर्ष २०७९/८० को बितेका आठ महिनाको अवधिमा सरकारको बजेट घाटा चुलिएर १ खर्ब ५६ अर्ब ४४ करोड रुपैयाँ नाघेको छ । गत फागुन मसान्तसम्म सरकारले ७ खर्ब ७९ अर्ब २३ करोडबराबर बजेट खर्च गर्दा राजस्व संकलन भने जम्मा ६ खर्ब २२ अर्ब ७८ करोड १४ लाख रुपैयाँ मात्र छ ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको चालू आर्थिक वर्षको बितेका आठ महिना गत फागुन मसान्तसम्मको राजस्व संकलन र बजेट खर्च विवरणअनुसार यस्तो अवस्था देखिएको हो । यस अवधिमा सरकारको आम्दानीभन्दा खर्च बढी देखिएको छ । समीक्षा अवधिमा सरकारी राजस्व संकलन वार्षिक लक्ष्यको ४२ दशमलव ७ प्रतिशत रहेको छ । बजेट खर्च भने जम्मा ४३ दशमलव बाँकी ८ पेजमा

## स्ववियु निर्वाचन : कतै तनाव कतै सर्वसम्मत

काठमाडौं । स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन मिति नजिकिएसँगै त्रिभुवन विश्वविद्यालय (त्रिवि) अन्तर्गतका क्याम्पसहरूमा राजनीतिक सरगर्मी बढेको छ । नेता निर्माणको नर्सरी मानिने स्ववियु निर्वाचन हुने दिन नजिकिँदै जाँदा देशभरका क्याम्पसहरूमा चुनावी सरगर्मी बढेको हो । कतिपय क्याम्पसहरूमा विभिन्न संगठन र समूहबीच विवादसमेत भएका छन् । विवादका कारण कतिपय क्याम्पसमा स्ववियु चुनावका प्रक्रियासमेत अगाडि बढ्न सकेको छैन । केही स्थानमा भने विवादका कारण मनोनयन प्रक्रिया अवरुद्ध भएको छ भने केही स्थानमा सर्वसम्मत नेतृत्व चयन भइसकेको छ । कतिपय ठाउँमा निर्वाचनमा धाँधली भएको भन्दै स्ववियु निर्वाचन अधिकृतको राजीनामा माग गर्दै आमरण अनसन बसेका बाँकी ८ पेजमा


## ढकाललाई विद्यालयको सम्मान





काठमाडौं । सुरेन्द्र ढकाल प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकाललाई सुश्री भद्रा घलेको ९२ औं शुभजन्मोत्सव तथा १७ औं भद्रा घले शिक्षा सदनको वार्षिकोत्सवको अवसर पारी उक्त विद्यालयले गत शुक्रबार सम्मान गरेको छ । विशेष बाँकी ८ पेजमा

समय सन्दर्भ



## नेपालका मूर्धन्य व्यक्तित्व : महेन्द्र, बिपी र नरहरिनाथ

■ दीर्घराज प्रसाई

२०१७ साल नेपालको इतिहासमा एक ऐतिहासिक घटना हो । श्री ५ महेन्द्र, बिपी कोइराला, योगी नरहरिनाथबीचका कल्पित घटना इतिहासमा बिर्सन सकिँदैन । नेपालको प्रजातान्त्रिक इतिहासमा बिपी कोइराला एक स्मरणीय प्रजातन्त्रका सिद्धहस्त नेता हुनुहुन्थ्यो । तर परिस्थितिले बिपी र योगी नरहरिनाथबीचमा कपोलकल्पित घटनाका कारण २०१७ सालपछि इतिहासमा ठूलो हेरफेर हुन गयो । एउटा घटना स्मरण गरौं । २०१७ साउनमा नेपाली कांग्रेसका कार्यकर्ता भनिएका तर गोर्खा परिषद् का व्यक्तिको नेतृत्वमा गोर्खामा ठूलै लुटपाट मच्चियो । कांग्रेस कार्यकर्ताको थिचोमिचो पनि बढ्दै गएको अवस्थामा कर्मवीर महामण्डलका अध्यक्ष योगी नरहरिनाथ पनि असोजतिर गोर्खा पुगेका थिए ।

२०१७ कात्तिक ९ गते दिउँसो ३ हजार जति मानिसको जुलुस कर्मवीर महामण्डलको झण्डा लिइ "नेपाली कांग्रेस धोका हो, पक्षपाती सरकार मान्दैनौं" भन्ने कांग्रेस विरोधी कडा नारा लगाउँदै अड्डाअगाडि जुलुस आउँदा प्रहरीसँग भिडन्त भयो । ढुङ्गामुढा, लाठी चार्जपछि गोलीकाण्ड भयो । जसमा ७ जना ठहरै मरेका र १० जना गोलीबाट घाइते भए । ७-८ जनाको हातखुट्टा भाँचिएकाले सम्हालिन नसक्ने आतङ्क सिर्जना भयो । यी सबै कुरा योगी नरहरिनाथको उग्र भाषणका कारण भएको भनियो । कात्तिक ९ गते गोर्खाकाण्ड भयो । नरहरिनाथलाई पक्राउ गर्ने आदेश पनि भयो । तर गोर्खामा योगीजी कतै भेटिएनन् । गोर्खाकाण्ड भएको तेस्रो दिनमा योगी नरहरिनाथ जुम्लामा देखिएको हल्ला आयो । जबकि कस्सिएर हिँड्दा गोर्खाबाट जुम्ला पुग्न १० दिन लाग्छ भने कसरी योगीजी पुग्नुभयो ? यसैमा फेरि सबै रुमल्लिए । योगीजीलाई



कत्तिले उड्न सक्ने क्षमता थियो पनि भन्ने गर्थे ।

२०१७ सालको काण्ड हुन जाने कारणको एक घटनाको संझना आउँछ । राजा महेन्द्र बेलायत गएको अवस्था छ । 'योगीलाई कांग्रेस मास्न राजदरबारले लिखत दिएर पठाएको छ' भन्ने झुटा रिपोर्ट कानमा पार्न थालेकाले बिपी पनि त्यही कुरालाई विश्वास गरेर बोल्न थाल्नुभएको र बेलायतबाट राजा महेन्द्र फर्केर आएपछि योगीसँग मुछेर प्रधानमन्त्रीले दिएका वक्तव्यहरू सम्बन्धमा राजा महेन्द्रलाई चित्त नबुझेकाले प्रधानमन्त्रीलाई बोलाएर (बेलायतबाट ल्याएका उपहार श्रीमती प्रधानमन्त्री सुशीलालाई छालाको ब्याग, बिपीलाई टेपरिकर्डर, घडी, ब्रास्लेट राजाले दिँदै) पुस १ गतेभन्दा दुई दिनअगाडि राजाले सोधेको कुरालाई लिएर बिपीले आफ्नो आत्मवृत्तान्तमा भनेका छन्– 'तपाईले हामीलाई किन मुछ्नुभो त्यो जोगीकाण्डमा? बिनाप्रमाण किन वक्तव्य दिनुभयो? हामीलाई दोष लगाउनुभयो?' 'सरकार ! मैले होइन, जोगीले मुछेको छ । जोगीलाई कारबाही हुँदैछ ।'

'तपाईँले त्यो कारबाही हुँदाहुँदै किन पब्लिक वक्तव्य दिनुभयो?' भनेर राजाले गुनासो गरेको कुरालाई लिएर बिपीले आफ्नो आत्मवृत्तान्त पुस्तकमा भनेका छन्–'महाराजाधिराजले मलाई आदेश बक्सेको छ कि यो धर्म नमान्ने प्रधानमन्त्री र त्यसका सरकारविरुद्ध विद्रोह गरे हुन्छ भनिकन ऊ हिँड्थ्यो ।' राजा महेन्द्र र प्रधानमन्त्री कोइरालाबीचको सम्बन्ध विच्छेदको अध्याय नै यहींबाट सुरु हुन्छ ।

गोरखाकाण्ड र योगी नरहरिनाथबीचको वास्तविकता त्यस्तो थिएन । 'कर्मवीर महामण्डलले गरेको अनुरोधअनुसार रु.५०० चन्दा श्री ५ महाराजाधिराज बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# किसान सधैं मारमा

अर्थतन्त्र कहालीलाग्दो अवस्थामा पुगेका कारण यथास्थितिमा मुलुक चल्ने अवस्था छैन । खर्च कटौती अनिवार्य भइसकेको छ । तर, कुन कुन क्षेत्रको खर्च कटौती गर्ने ? भन्ने गृहकार्य नपुगेको हो कि जस्तो देखिएको छ । कृषि क्षेत्र भनेको नेपालको एक मात्रै भरपर्दो उत्पादन मुलक क्षेत्र हो । रासायनिक मलमा दिंइदै आएको अनुदान कटौती गर्दा कृषकहरू मारमा पर्ने अवस्था त छँदै छ कृषि उत्पादनमा सिधा असर पर्छ ।

सरकारले रासायनिक मलमा दिँदै आएको अनुदान ८० प्रतिशतबाट घटाएर ६० प्रतिशतमा झारेको छ । अहिलेसम्म सरकारी अनुदानको रासायनिक मल युरिया प्रतिकिलो १४ रूपैयाँ, डिएपी ४३ रूपैयाँ र पोटास प्रतिकिलो ३१ रूपैयाँमा बिक्री हुँदै आएको थियो । सोमबार मध्यान्हदेखि कायम भएको नयाँ मूल्यअनुसार किसानलाई युरिया प्रतिकिलो २५ रूपैयाँ, डिएपी ५० रूपैयाँ, पोटास ४० रूपैयाँ पर्नेछ । नेपालमा वार्षिक खपत हुने करिब सात लाख मेट्रिकटन रासायनिक मल मध्ये करिब तीन लाख मेट्रिकटन रासायनिक मल सरकारी संयन्त्रमार्फत आयात गरी किसानलाई अनुदानमा बिक्री गर्ने गरिएको छ । बाँकी चार लाख मेट्रिक टन रासायनिक मल निजी क्षेत्रका व्यापारी आफैँले आयात तथा बिक्री गर्दै आएका छन् । निजी क्षेत्रले ल्याएको युरिया मल प्रतिकेजी ५० रूपैयाँमा बिक्री हुँदै आएको छ । चालु आर्थिक वर्षको बजेटमा प्रक्षेपण गरिएको भन्दा २० प्रतिशत कम राजस्व संकलन हुने अवस्था देखिएकोले अर्थ मन्त्रालयले अत्यावश्यक बाहेकका खर्च कटौतीको अभियान सुरू गरेको छ ।

खर्च कटौतीको अभियानअन्तर्गत रासायनिक मलमा अनुदान दिनका लागि विनियोजन गरिएको बजेट घटाइएको हो । तर, रासायनिक मलमा दिइँदै आएको अनुदान कटौती सरकारको अदूरदर्शिता हो । रासायनिक मलको मूल्यमा गरिएको भारी वृद्धिले कृषि उत्पादनको लागत बढ्ने भएकोले अब महँगी बढ्ने निश्चित छ । अब स्वदेशी कृषि उपजको लागत महँगो पर्ने भएकोले विदेशी कृषि उपजको आयात बढ्ने संभावना देखिएको छ ।

मुलुकको कुल ग्राहस्थ उत्पादनमा ३० प्रतिशत हिस्सा रहेको कृषि क्षेत्रको उत्पादन घट्दा आगामी वर्ष अझै ठूलो आर्थिक संकट पर्न सक्छ । अन्य क्षेत्रको बजेट कटौती गरेर भए पनि कृषि क्षेत्रलाई प्राथमिकता दिनुपर्नेमा सरकारले उल्टो बाटो लिएको छ । यसै पनि नेपालमा वार्षिक तीन खर्ब रूपैयाँ बराबरको कृषि उपज आयात भइरहेको छ, त्यसमा पनि किसानहरूलाई आफ्नो पेसाबाटै पलायन हुनुपर्ने वाध्यता सरकारको अदूरदर्शीताका कारण सिर्जना भइरहेको छ ।

पछिल्ला दशकहरूमा रासायनिक मलको समस्या भ्रष्टाचारसँग सिधै जोडिएको छ । एकातिर रासायनिक मलमा अनुदान दिन भनेर सरकारले राज्यको ढुकुटीबाट वार्षिक ३० अर्ब रूपैयाँभन्दा बढी खर्च गर्ने तर, किसानहरू काला व्यापारीसँग निकै महँगो मूल्यमा रासायनिक मल किन्न बाध्य हुने दुश्चक्रमा मुलुक फँसिरहेको छ । सरकारी बजेट खर्च गरेर ल्याइने रासायनिक मल कुन, कुन मितिमा नेपाल आइपुग्छ ? कहाँ भण्डारण गरेर राखिन्छ ? कहाँ कहाँ खपत हुन्छ ? भन्ने कुरा पारदर्शी हुन सकेको छैन । खेतीको मुख्य सिजनमा किसानहरूले कहिल्यै पनि सरकारी अनुदानको रासायनिक मल पाउँदैनन् । सरकारले ध्यान दिनुपर्ने भनेको यो पाटोतर्फ हो । अनुदानको रकम सिधै काला व्यापारी र भ्रष्टाचारीहरूको खल्तीमा पुग्ने गरेको अवस्थालाई कसरी रोक्ने ? भन्नेतर्फ सरकारको ध्यान जानुपर्थ्यो । अनुदान कटौती समस्याको समाधान होइन । रासायनिक मल प्रकरणमा सरकारले ध्यान दिनुपर्ने अर्को पाटो पनि छ ।

रासायनिक मल खरिद तथा बिक्रीका लागि सरकारले खर्च गर्ने तीन वर्षको रकम उपयोग गर्ने हो भने स्वदेशमै रासायनिक मल कारखाना स्थापना गर्न बजेट पुग्छ । तर रासायनिक मल कारखाना स्थापना गर्ने कुरा चल्दा अनेक बहाना बनाएर पन्छाउने गरिन्छ । नेपालमा करिब ४० लाख हेक्टर जमिन खेतीयोग्य छ । एक हेक्टर (२० रोपनी) जग्गामा तीन बाली लगाउनका लागि वार्षिक सरदर तीन सय केजी रासायनिक मल आवश्यक पर्छ । यस हिसाबले पनि सर्वसुलभ भयो भने स्वदेशमै वार्षिक १५ लाख मेट्रिकटन अर्थात अहिलेको मूल्यमा एक खर्ब रूपैयाँभन्दा बढीको मल खपत हुन्छ । १५ लाख मेट्रिकटन मल खपत हुँदा कृषि उत्पादन अहिलेको भन्दा ५० प्रतिशत अर्थात सात खर्बभन्दा बढीको वृद्धि हुन सक्छ । एकातिर वर्षायामको बिजुली खेर गयो भन्ने अर्कातिर ग्यास र कोइलाको बहाना बनाएर मल कारखाना स्थापनातर्फ ध्यान नदिने गरिएको छ ।

# किन नयाँ Funding Model तेर्स्याउन खोज्दैछ अमेरिका ?



## सुरेन्द्र ढकाल


मिलेनियम च्यालेञ्ज कर्पोरेसन (MCC) ले आर्थिक वर्ष २०२३ का लागि गरिबी निवारण र पूर्वाधार विकास भन्दै ९३० मिलियन डलरको माग गरेको छ । कोभिडपछिको आर्थिक पुनरुत्थान, निरंकुश तन्त्रको विरुद्धको लडाइँ, भूराजनीतिक तनावबाट एसिया र अफ्रिकाका देशलाई मुक्ति र जलवायु परिवर्तनको कारण कृषि र वनमा पर्न सक्ने असरको न्यूनीकरणजस्ता क्षेत्रहरूमा एमसीसी आकर्षित हुने कुरा बताइएको छ ।


२६ देखि २८ जुन २०२२ मा जर्मनीमा बसेको जी ७ मुलुकहरूको बैठकले जी ७ मुलुक याने अमेरिका, जर्मनी, फ्रान्स, इटली, जापान, क्यानडा र बेलायतमा काम गरिरहेका बहुराष्ट्रिय कम्पनीहरूको नाफामा ३६ प्रतिशत कर लगाई त्यसबाट उठेको वृहत रकम माथि भनिएका ४ क्षेत्रमा खर्च गर्ने निर्णय गरे तापनि सो रकम एमसीसीमार्फत गर्ने कि अर्कै कुनै सरकारी वा निजी कम्पनीमार्फत गर्ने भन्ने निर्णय गरिसकेको भने छैन । एमसीसीमार्फत खर्च गर्ने निर्णय गर्दा चीन शसंकित हुने देखेर अरु नै कुनै तरिकाको Funding Model खोज्न थालिएको छ । यसबाट चीनको कुटनीतिक अवरोध पनि नहोस् र त्यस्ता देशमा चीनको प्रभाव पनि नपरोस् भन्ने नै हो । जी सेभेनका अन्य सदस्य राष्ट्रहरूको समेत स्वार्थ भएको देखेर अमेरिकाले खुलेरै एमसीसीको पक्षमा लबिङ गर्न नसकेको हो कि भन्ने पनि परेको छ । सर्प पनि नमरोस् अनि लठ्ठी पनि नभाँचियोस् भन्ने सिद्धान्तलाई मान्ने हो भने पनि अमेरिका र जी सेभेनका अन्य सदस्य राष्ट्रहरूको लागि पनि नयाँ Funding Model अपरिहार्य देखिएको छ ।

युक्रेन–रुस युद्धको कारण सुरु भएको आर्थिक मन्दीले नेपाललगायत विश्वका सबै राष्ट्रहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव मात्रै पारेको छैन विश्वका देशहरू यस कुरालाई लिएर तीन फरक ध्रुवमा उभिएका छन । पहिलो ध्रुव अमेरिकाको पक्षमा उभिएको छ भने दोस्रो ध्रुव रुसको पक्षमा उभिएको छ अनि चीन र भारतलगायत तटस्थ बस्ने राष्ट्रहरू तेस्रो ध्रुवमा छन् । नेपालले हालै संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदमा भएको मतदानमा युक्रेनको पक्षमा मतदान गर्नु, एमसीसी कार्यान्वयन गर्न खुलेरै तत्परता देखाउनु अनि त्यसको ठीक विपरीत चीनसँग हस्ताक्षर गरिसकेको बीआरआईप्रति उदासिन रहनुले नेपाल पुरै अमेरिकी लबीमा उभिएको देखिन्छ ।

अमेरिकी स्वार्थअनुरुप काम गर्ने भए मात्र छाड्ने होइन भने नेपालकै सर्वोच्च अदालत वा हेगको अन्तर्राष्ट्रिय अदालतमा उभ्याई कारबाही गर्ने अमेरिकी धम्कीको कारण प्रधानमन्त्री प्रचण्ड लल्याकलुलुक भएको अवस्था छ अहिले । पहिले दरपीठ गरिसकेको कुरालाइ उल्टाएर त्यसै सर्वोच्च अदालतले सुनुवाइ गरी कारण देखाउ आदेश जारी गरेको होइन भन्ने कुरा पुरै माओवादी घटकहरूले राम्रै बुझेका छन । त्यसैले यिनीहरू पनि अमेरिकाले अब कुनै अर्को Funding Model खोजी चीनको आँखामा छारो हाल्दिएमा आफूहरू पनि जोगिन सक्ने देखेर त्यस्तो मोडेललाई समर्थन गर्न तत्पर भएर बसेका छन् । नेपालका सत्तारुढ राजनीतिक दल र नेपाललाई फसाउने रणनीतिमा अमेरिका र जी सेभेनभित्रका सम्बद्ध राष्ट्रहरू खुलेरै लागिपरेको छनक देखिँदैछ ।









चीनका राष्ट्रपति सिजिन पिङले नेपाल भ्रमण सम्पन्न गरी चीन नपुग्दै विमानबाट दिएको सन्देशमा चीनबाट तिब्बत विखण्डन गर्न खोज्नेको हड्डी चकनाचुर पारिदिने बताएका थिए । यो कसप्रति लक्षित थियो भन्ने सजिलै अनुमान गर्न सकिन्छ । नेटोमा आवद्ध हुन नचाहेको भए युक्रेन ध्वस्त हुने थिएन । अमेरिकन लबीमा आफूलाई सामेल गरेर के नेपाल युक्रेनको नियति त भोग्दै छैन ? जसरी नेपालमा पेट्रोलियम उत्खनन गर्ने कार्य चीनले पायो तर सम्पन्न नभई के कारण सो कार्य अवरुद्ध भयो भन्ने कुरा कसैले जान्न खोजेका छैनन् ।

मुस्ताङमा भएको अथाह परिमाणको युरेनियम र सगरमाथा क्षेत्रमा भएको लिथेनियम उत्खनन गर्ने कार्य पनि चीनकै जिम्मामा जाने हो कि भन्ने डरले अमेरिका पुरै त्रसित छ । यसकारण पनि नेपाललाई कुनै हालतमा पनि आफ्नो पोल्टामा पार्नुपर्छ भन्ने कुरामा अमेरिका अडिग छ अनि त्यसैले धम्काएर तर्साएर नेपालका सत्तारुढ राजनीतिक दलहरूलाई आफ्नो रिमोट कन्ट्रोलबाट अमेरिका संचालन गर्न चाहन्छ भन्ने कुरा घामजत्तिकै छर्लंग छ । यही कारण अमेरिका नयाँ Funding Model तेर्साउन खोज्दैछ ।

# स्वास्थ्यमा निमुखा नागरिकको पहुँच



## गोविन्द विक

नागरिकको अभिभावक राज्य हो । राज्यले नागरिकको स्वास्थ्य उपचारको लागि सहज पहुँचको व्यवस्थापन गर्ने ग्यारेन्टी संविधानले सुम्पेको छ । तर संविधानमा व्यवस्था भएअनुसार नागरिकको स्वास्थ्यमा पहुँच अझै छैन । सरकारी अस्पतालमा करोडौंको भेन्टिलेटर र अक्सिजन प्लान्ट अलपत्र भएका समाचारहरू बाहिर आइरहँदा नागरिकका लागि निशुल्क स्वास्थ्य राज्यको जिम्मेवारी भन्ने नारालाई गिज्याइरहेको छ । संविधानले सबै नागारिकले राज्यबाट सहजतापूर्वक निशुल्क स्वास्थ्य सेवा लिन पाउने अधिकार ग्यारेन्टी गरेको छ । राज्यले सबैभन्दा धेरै बजेट शिक्षा र स्वास्थ्यमा तर्जुमा गर्नुपर्ने हो । तर मन्त्रालयगत बजेटको सिलिङ हेर्दा स्वास्थ्यमा ५.७५ प्रतिशत मात्र बजेट राखेको देखिन्छ ।

नागरिकको पीडालाई अनुभूत गर्ने कोसिस राज्यले हिजो पनि गरेन र आज पनि गरेको छैन । नागरिक चर्को शुल्क तिरेर निजीमा स्वास्थ्य सेवा लिन बाध्य छन् । राज्यको भ्रष्टीकरणले सरकारी अस्पतालहरू अलपत्र अवस्थामा थिए र छन् पनि । सरकारी स्वास्थ्य केन्द्रहरूमा न पुग्दो जनशक्ति नै छ न पुग्दो स्वास्थ्य उपकरणहरू नै छन् । सबैलाई स्वास्थ्य सेवाको पहुँच राज्यको मुख्य जिम्मेवारी हो भन्ने कुरा राज्य आफैंले भुल्दै जानु निकै दुखद दृश्य हो । कतिपय मुलुकहरूमा शिक्षा र स्वास्थ्य सबै नागरिकलाई निशुल्क उपलब्ध छन ।

सबै नागारिकलाई सहज स्वास्थ्यको पहुँच भएका मुलुकहरूमा औसत आयुको दर पनि निकै माथि छ । शिक्षा र स्वास्थ्यको क्षेत्रमा उच्च विकास र प्रगति भएका मुलुकहरूले फडको मारेको उदाहरणहरू बग्रेल्ती हुँदाहुँदै हाम्रो राज्य किन यसतर्फ ध्यान दिँदैन ? नागरिकको पीडामा राज्यको ध्यान कहिले जाला ? कसको कमजोरीले आज



राज्यले दिनुपर्ने न्यूनतम सेवाहरू धरासायी हुँदैछन । नागरिकप्रति राज्य जवाफदेही कहिले हुने ? निजी स्वास्थ्य केन्द्रहरूमा एउटा एमआरआई गरेको दशौं हजार शुल्क अझै तिर्नुपर्छ । तर सरकारी अस्पतालमा एमआरआई गर्ने पालो कुर्दा बिरामी नै मरिसक्ने अवस्था यत्रतत्र सर्वत्र जिवितै छ ।

के राज्यको निशुल्क स्वास्थ्य यही हो ? उच्च पदस्थहरूको स्वास्थ्य उपचारका लागि राज्यको ढिकुटीबाट करोडौं खर्च दिन तम्सिने राज्यले पैसाकै अभावमा अलपत्र भेन्टिलेटर र अक्जिन प्लान्ट व्यवस्थापनमा राज्यले किन अनदेखा गर्छ ? भन्ने एउटा गर्ने अर्को । भित्र एउटा बाहिरी अर्को व्यवहार राज्यको निरन्तर अभ्यासमा पर्ने कुरा बन्दा नागरिक समस्यामा पिल्सिरहेका छन । करोडौं पैसा उच्च तहका व्यक्तिहरूको लागि उपचार खर्च व्यहोर्ने राज्यले सिटामोलको अभावमा नागरिकको ज्यान गइरहेको पत्तै पाउँदैन । राज्यको यही अशोभनीय व्यवहारले गर्दा राज्यको विश्वास कमजोर बनिरहेको छ ।

यहाँ जुन वादको सरकार बने पनि जुन वादको प्रधानमन्त्री भए पनि जुन वादको नेता भए पनि जनताका दुःख जहाँको त्यहीँ छन् । शिक्षा र स्वास्थ्यको जति मिठा नारा बजाए पनि जनताले अनुभूत गर्ने गरी सेवामा पहुँच छैन । हुनेखानेहरूका लागि महँगा अस्पताल निकै उपयोगी होलान् र हुँदाखानेहरूका लागि महँगा अस्पताल आजीवन ऋणको भारी बनिरहेको छन् । यसतर्फ राज्यको नजर कहिले पर्ला ? नागरिकमैत्री राज्य बन्ने र बनाउने ध्यानमा कुनै नेता कुनै राज्य कुनै सरकार कुनै वाद छैन भन्ने कुरा प्रमाणित भइरहेको छ ।

सरकारी अस्पतालहरूमा जनशक्तिको अभाव स्वास्थ्य उपकरणहरूको अभावमा जहिलै बजेट नै पर्याप्त नहुने भएको बजेट पनि सहि व्यवस्थापन नहुने अहिलेको समस्या हैन । यस किसिमका समस्या विगतकै निरन्तरता हो । सबै निमुखा जनताले निशुल्क स्वास्थ्य सेवा पाउनुपर्छ । निशुल्क स्वास्थ्य सेवाको ग्यारेन्टी सरकारले गर्नुपर्छ भन्नेहरू नै सरकारको नेतृत्वमा छन् तर पनि निमुखा नागरिकहरू समान्य सिटामोलको अभावमा मृत्युवरण गर्नु परिरहेको छ ।

निजी स्वास्थ्य संस्थाहरूमा उपचार गर्दा निकै महङ्गो शुल्क तिर्नुपर्छ । हुँदाखाने नागरिकहरू महङ्गो शुल्क तिरेर उपचार गर्न सक्दैनन । हुँदा खाने नागरिकहरू उपचार गर्ने पैसाकै अभावमा मर्न बाध्य छन् । हुँदाखाने नागरिकको सपनालाई नारा बनाएर आन्दोलन गरेकाहरू नै पटकपटक सत्ता सञ्चालनको आसनमा छन् । नागरिकको अवस्था बदल्ने नारा बोकेकाहरू नै सत्तामा पुगिरहन्छन् तर पनि हुँदाखाने नागरिकको अवस्था उस्तै छ । सरकारी अस्पतालमा स्वास्थ्य उपचार गर्न जाँदा महँगो टेस्ट गर्नका लागि सबै निजीमा नै रिफर गरिन्छ र हुँदाखाने नागरिकले ऋण गरेर भए पनि टेस्ट गर्नैपर्ने अवस्थाको सिर्जना गर्नेहरूको भीड निकै ठूलो छ । जसका कारण निमुखाहरूको लागि स्वास्थ्य सेवा आकासको फल बनिरहेको छ । के स्वास्थ्यको अभावमा नागरिकहरूले यसरी नै मृत्युवरण गरिरहनु पर्ने हो ? निमुखा नागरिकको लासको बिस्कुनमा राज्यको रमिता कहिलेसम्म हो ? नारामा मात्र हैन अभ्यासमा निशुल्क स्वास्थ्य सेवा कार्यान्वयन गर्नु सरकारको प्रथम कर्तव्यलाई भुल्ने छुट छैन । विभिन्न वहाना देखाएर निमुखा नागरिकको स्वास्थ्यमा खेलवाड गर्ने छुट सरकारलाई छैन । अलपत्र सरकारी अस्पतालको व्यवस्थापनमा सरकारको ध्यान चाँडो भन्दा चाँडो जाओस् भन्ने नागरिकको अपेक्षालाई बेवास्ता गर्ने अधिकार सरकारलाई छैन ।

# हाम्रो सामाजिक सक्रियता

## रत्नराज्य माध्यामिक विद्यालय तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

सुरेन्द्र ढकाल









कामनपा वडा नं. १० मध्यबानेश्वर महादेवस्थानमा अवस्थित यस रत्नराज्य माध्यामिक विद्यालयको स्थापना वि.सं.२०१८ सालमा भएको हो। बालकक्षादेखि १२ कक्षासम्म अध्ययन अध्यापन हुँदै आएको यस विद्यालयको उद्देश्य गरिब पिछडिएका र श्रमजीवि परिवारका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु हो र सोहीअनुरुप हाल विद्यालयमा २२०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् भने कुल शिक्षक र कर्मचारीको संख्या ५० भन्दा बढी रहेको छ। माध्यमिक विद्यालय परीक्षामा उत्तीर्ण हुनेहरूको औषध अंक ९० प्रतिशतको हाराहारीमा रहेको छ।

स्थापनाकालदेखि थुप्रै उतारचढावबीच गुज्रिरहेको यो विद्यालय काठमाडौं महानगरपालिका कार्यालयको शिक्षा विभाग, समाजसेवीहरूको सहयोग अनि आफ्नै स्रोत र साधनबाट संचालित छ। दस जोड दुईअन्तर्गत यस विद्यालयमा व्यवस्थापन, मानविकी र शिक्षा शास्त्र विषय अध्ययन अध्यापन गराइन्छ। तत्कालिन बडामहारानी रत्नराज्यको नामबाट स्थापित यस विद्यालयमा अध्यापनको सुरुवात केही विद्यार्थीहरू राखी पण्डित मोदनाथ न्यौपानेले गर्नुभएको थियो भने तत्कालिन प्रधानाध्यापक पद्मसिंह कार्कीको कार्यकालमा यस विद्यालयले माध्यामिक तहको अध्ययन अध्यापन सुरु गरेको थियो।

विद्यालयको आवश्कता क्षमताअनुरुप विद्यालय भवन निर्माण र विस्तार हुँदै गइरहेको छ भने विद्यालयलाई भौतिक सुविधा सम्पन्न गराउने कार्य निरन्तर रुपमा हुँदै आइरहेको छ। हालको विद्यालयको विशेषता भनेको अंग्रेजी माध्यमबाट बालमैत्री वातावरणमा शिक्षा, प्राथमिक उपचारको सुविधा, अक्षयकोषको स्थापनामार्फत विद्यार्थी कल्याण क्रियाकलाप, विद्यालय पोसाकको व्यवस्था, विद्यार्थी र शिक्षकलाई पुरस्कारको व्यवस्था आदि रहेको छ। त्यसको अतिरिक्त कंम्प्युटर शिक्षा र योग साधना शिक्षा पनि विद्यालय प्रदान गर्न सुरु गरेको छ।

विद्यालयको आफ्नै व्यवस्थित पुस्तकालय भएको र विद्यालयमा गठन भएको सिस्टर क्लबमार्फत विद्यालयले छात्राहरूलाई स्यानेटी प्याडको पनि व्यवस्था गरेको छ। विद्यालयमा हरियाली प्रवर्द्धन गर्न इको क्लव गठन भई क्रियाशील रहेको छ भने विद्यालयले आफ्नै क्याफेटरिया संचालन गरेको छ। यसैबीच यसै २०७९ सालदेखि विद्यालय र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य सुरु भएको छ जसअनुरुप प्रतिष्ठानले विद्यालयलाई रु एक लाख बराबरीको दुई टेवलटेनिस बोर्ड, ब्याट र एउटा अम्प्लिफाएर प्रदान गरेको छ। प्रतिष्ठानसँग आबद्ध भए मुताविक प्रतिष्ठानबाट विद्यालयले हरेक वर्ष आवश्यकता अनुसारको सहयोगको प्रतिबद्धता प्राप्त गरेको छ। यसबाट विद्यालयका आगामी दिनहरू सहज हुने अपेक्षा गर्न सकिन्छ।

सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य भई प्राप्त भएको खेलकुद सामग्रीको कारण विद्यार्थीहरूमा खेलकुदप्रतिको अभिरुचि बढ्न गई विद्यालयप्रतिको आकर्षणमा वृद्धि भएको छ भने विद्यालय र अभिभावकबीचको सम्बन्ध झनै गाढा हुन पुगेको छ। प्रतिष्ठानसँगको सहकार्यलाई विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले उच्च मूल्यांकन गरेको छ।

# काठमाडौं टेक्निकल स्कुलमा वडाध्यक्षको भिजिट



काठमाडौं। काठमाडौंस्थित बुढानीलकण्ठ नगरपालिका वडा नं. ९ मा आईएमई ग्रुपले खोलेको काठमाडौं टेक्निकल स्कुलमा १२ नम्बर वडाका वडाध्यक्ष शम्भूप्रसाद भट्टराईले भिजिट गरेका छन्। सोही क्रममा अध्यक्ष भट्टराईले स्कुल सञ्चालन समितिका पदाधिकारी तथा स्कुलका कार्यकारी निर्देशक उपेन्द्र शर्मा घिमिरेसँग युवा रोजगारका सम्बन्धमा छलफल गरेका थिए। आईएमई ग्रुपले खोलेको काठमाडौं टेक्निकल स्कुलले विशेषगरी तत्काल दक्षजनशक्तिी उत्पादन गरेर त्यो जनशक्तिलाई रोजगारमा संलग्न गराउने गरेको कुरा सञ्चालक समितिले बताए।

स्कुलले केयर गिभर होटेलसँग सम्बन्धित तालिम, कम्प्युटर हार्डवेयर नेटवर्किङसम्बन्धी ६ महिने कक्षा विभिन्न बैंकिङ क्षेत्रको तालिमसमेत काठमाडौं स्कुलमा लिन पाइने र तालिम लिएपछि त्यसको स्किल टेस्ट गरिने सिटिईभिटीमार्फत तालिमको प्रमाणपत्र उपलब्ध गराउने कुरा पनि छलफलमा भएको थियो। तालिम लिएर त्यसै बस्नु नपर्ने कुराको ग्यारेन्टी स्कुलले गर्ने कुरा कार्यकारी निर्देशक घिमिरेले बताए।

काठमाडौं टेक्निकल स्कुलमा खर्च गरेर तालिम लिने जोसुकैले पनि बेरोजगार भएर बस्नु नपर्ने तालिम लिएका सबैलाई आईएमई ग्रुपका विभिन्न क्षेत्रमा रोजगारी लगाउने ग्यारेन्टी गरिने कुरा निर्देशक घिमिरेको थियो। तालिम तीन महिनेदेखि एक वर्षे अवधिसम्मको रहेको बताइएको थियो। तालिममा सहभागी हुनका लागि प्रतिव्यक्ति रु ६० हजार पेमेन्ट गर्नुपर्ने छ। टेक्निकल स्कुलले अध्ययनका लागि युरोप मुलुकमा जाने विद्यार्थीहरूका लागि पनि तालिम रहेको र विशेषगरी आफ्नै ठाउँ आफ्नै रोजगार भन्ने विषयलाई स्कुलले जोड दिने कुरा पनि बताइएको थियो।

टेक्निकल स्कुलमा सैद्धान्तिकदेखि प्राक्टिकल सबै कक्षा हुने र त्यसको लागि स्कुलमा सबै तयारी गरिएको कुरा कार्यकारी निर्देशकले बताए। नगरपालिकाले विभिन्न मोडेलमा टेक्निकल स्कुलसँग सहकार्य गर्न सक्ने र युवाहरूलाई रोजगारसहितको उद्यमीशिलता बनाउने कुरामा व्यवहारमा नै देखाउने अभियान स्कुलको रहेको हुनाले नगरपालिकासँग मिलेर काम गर्ने थुप्रै आधारहरू छन भन्ने कुराको विश्वास दिलाउन चाहन्छौं– आईएमई ग्रुपको भनाइ थियो।

छलफलका क्रममा वडाध्यक्ष भट्टराईले बुढानीलकण्ठ नगरपालिकाभित्र युवा रोजगारका लागि एक्सपोटिज ग्रुप आईएमई ग्रुपले स्कुल सञ्चालन गरेकोप्रति खुसी व्यक्त गर्दै रोजगारका लागि पहिलो प्राथमिकता नगरवासीलाई दिनुपर्नेमा जोड दिए। आफ्नो वडाले यो टेक्निकल स्कुलसँग सहकार्य गरेर यहाँका स्थानीय युवाहरूलाई रोजगार दिने कुरामा सँगसँगै अगाडि बढौं,– अध्यक्ष भट्टराईको भनाइ थियो। अध्यक्ष भट्टराईले स्कुलमा रहेका कक्षा कोठा साथै व्यवस्थापकीय पक्ष प्राक्टिकल कक्षाका लागि उपलब्ध सामग्री त्यसको व्यवस्थापन सबै विषय प्रत्यक्ष रुपमा अवलोकन गरेका थिए।

अवलोकनका क्रममा अध्यक्ष भट्टराईले 'सोचेभन्दा राम्रो व्यवस्थापन गरेको पाएँ र मेरो वडामा तपाई आईएमई ग्रुपलाई निम्ता' भन्दै सिंगो नगरपालिका मिलेर काम गर्नका लागि आफ्नो पहल रहने' प्रतिवद्धतासमेत व्यक्त गरेका थिए। अन्त्यमा तालिम लिएर रोजगारी बन्न चाहने युवायुवतीहरूले हाम्रो कार्यालयमा सिधै आएर विस्तृत रुपमा बुझ्न सकिने कुरा कार्यक्रम संयोजक शिव बालक चौधरीले बताएका थिए।

## सर्जकलाई सम्मान

काठमाडौं। यस वर्षको पुष्पपराग वर्ष पुरस्कार तथा सम्मान साहित्यकार रत्न प्रजापतिलाई प्रदान गरिने भएको छ। पुष्पपराग साहित्य प्रतिष्ठानले हरेक वर्ष प्रदान गर्ने पुरस्कार 'पुरस्कार छनोट समिति'को सिफारिसको आधारमा प्रजापतिलाई प्रदान गर्ने निर्णय गरेको प्रतिष्ठानका अध्यक्ष डा. प्रदीपकुमार मैनालीले बताए। उक्त पुरस्कारको राशी १० हजार रुपैयाँ रहेको छ।

यसैगरी प्रतिष्ठानले नै प्रदान गर्ने नील-गंगा भाषा साहित्य पुरस्कार तथा सम्मान शरद्चन्द्र वस्ती, तिलकुमारी खड्का स्मृति पुरस्कार तथा सम्मान शोभा दुलाल, पद्मावती गीत-संगीत पुरस्कार तथा सम्मान हरिदेवी कोइरालालाई प्रदान गरिनेछ।

शुक्रमन्दिर लोक साहित्य पुरस्कार सत्यकला राई, कृष्णलीला-गोपिनी सिवाकोटी स्मृति पुरस्कार छेवाङ तेन्जिङ लामा, परममाया कृष्णप्रसाद थपलिया पुरस्कार डिल्लीप्रसाद मुल्तिहुनलाई प्रदान गरिने प्रतिष्ठानले जनाएको छ।

यस्तै नेपाली साहित्यमा योगदान गरेवापत प्रत्येक वर्ष एक जना सर्जकलाई दिइने मानार्थ सदस्यता यस वर्ष साहित्यकार डा. भोजराज घिमिरेलाई प्रदान गरिने भएको छ। पुरस्कार तथा सदस्यता प्रतिष्ठानको वार्षिकोत्सवको अवसरमा आगामी चैत २५ गते आयोजना हुने समारोहमा प्रदान गरिनेछ।

कथा

# फेरि भेटौंला

सन्तोष खतिवडा

जेष्ठ महिनाको प्रचण्ड गर्मी, हाम्रो गाडीको एयरकण्डिसन कच्चा भएकोले हो या गर्मी ज्यादा भएकोले हो गाडीभित्र पनि हामी पसिना पसिना भएका थियौं । पोखराबाट हिंडेको करिब ६ घन्टापछि बुटवल पुग्दा गाडीमा रहेको एफएम रेडियोले अघिल्लो दिनको मौसमको विवरण बताइरहेको थियो । मेरो त्यो दिनको गन्तब्य नेपालगञ्जमा ४६ डिग्री सेन्टिग्रेड तापक्रम पुगेको सुन्दा यात्रा कष्टप्रद हुने कुराले म सशंकित भएको थिएँ ।

मेरो यात्राको सहयात्री सुरज र म त्यो रातको नेपालगञ्जको बसाईपछि भोलिपल्ट बिहानै सल्यानको सल्लिबजारको लागि प्रस्थान गऱ्यौं । छिन्चुदेखि करिब ४५ किमिको त्यो यात्रा अत्यन्तै रमाइलो भइरहेको थियो । भेरी नदीको तिरैतिर रफ्तारमा गुडिरहेको हाम्रो गाडी सल्लिबजार पुगेर रोकिँदा दिनको १ बजिसकेको थियो । नाङ्गा र फुस्रा देखिने पहाडको बीचैबीच नागबेली परेका सडक ठयाक्कै भेरी नदीसँग समानान्तर भएझैं लाग्दथ्यो । हाम्रो गाडीबाट देखिने भेरी नदी पारिको पहाडी बस्तिको बारेमा विवेचना गर्दै सुरज र म अगाडि बढिरहेका थियौं ।

पेसामा पत्रकार हामी जाजरकोट जिल्लामा हुन लागेको शान्ति समितिको बैठकका लागि निम्त्याइएका थियौं ।

सल्यानको सल्लिबजार पुगेपछि हाम्रो खाना खाने कार्यक्रम तय भयो । हामी सल्ली रेस्टुराँ एण्ड लजभित्र प्रवेश गर्दै थियौं । मैले बाहिरबाट त्यो लजको फोटो लिएँ । लजको दोस्रो तलाको अटालीमा एक युवती आफ्नो नुहाएर चिसो कपाल झट्कारेर सुकाउने प्रयासमा थिइन् । अटालीलाई बाँसको भाटाहरूले बारेको थियो । ती भाटाहरू टाढाबाट नै कमजोर देखिन्थे । मैले ती युवतीलाई सजग गराउने उद्देश्यले तलैबाट चिच्याएँ ।

'ए हजुर लड्नुहोला है, बिस्तारै गर्नुहोस् ।' उनी केही बोलिनन्, अनि छिट्टै कोठाभित्र छिरिन् । हामी खाना खाने टेबुलमा बस्यौं । एउटा अधबैंसे आइमाई काठका फल्याकले बनाएको दराजमा घोप्ट्याएर राखेका थाल र कचौराहरू निकाल्न थालिन् । थाल झिक्दै आफनै शैलीमा चिच्याइन् ।

'ए निता यहाँ आइज न के गरेर बसिराखेकी... ?'

'आएँ ।' एकोहोरो आवाज माथिल्लो तलाबाट आयो । म र सुरज दुवै जना त्यही आवाज आएतिर हेर्दै थियौं । तर उनी खै कताबाट फुत्त भान्साको अगाडि आइपुगिन् । मलाई उनी अघि माथि बसेको अटालीबाट झरिन् कि क्या हो भन्ने लाग्यो । भिजेको कपाल गुटमुट्याएर नकोरिकनै पोको पारेर रुमालले बाँधेकी थिइन् । गोरो उनको मुहारमा पानीका दुई चार थोपा अझै बाँकी थिए अनि ती मोतीजस्तै टल्किरहेका थिए । कपालको पानी रुमालले पूरा सुकाउन नसकेर होला कानको पछिल्लो भागबाट चुहिरहेको थियो । त्यो चुहिरहेको पानीलाई उनले आफनो चोरी औंलालाई ढल्काएर माथिदेखि तलसम्म तानिन् अनि चोरी औंलामा भएको पानीलाई झट्कारेर फालिन् र कतै नहेरी त्यो अधवैसें आइमाई (सायद उनको आमा हुनुपर्छ) ले राखेको खानाको थाल बोकेर हामीतिर आइन् ।

उनी हामीतिर पटक्कै हेर्दै थिइनन् । मलाई लाग्यो अघि मैले उनलाई जिस्क्याएकाले उनी रिसाएकी हुन् कि ! उनले खानाको थाल हाम्रो टेबुलमा राख्दै गर्दा मैले सुरजतर्फ हेर्दै भनेँ 'सुरज, निताजीले बनाएको खाना पक्कै मिठो हुन्छ, बुझिस् ।' मैले यतिभन्दा उनले खाना पनि हाम्रो टेबुलमा राखिसकेकी थिइन् । उनका थोरै मसिना तर लाम्चा ठ्याक्कै बदामी आँखालाई ठूलो पार्दै पुलुक्क मतिर हेरिन् र उनको ओठलाई दाँयातिर मोड्दै दायाँतर्फका पंक्ति मिलेका सेता दाँतहरू देखाएर मुसुक्क हाँसिन् अनि जवाफ दिइन् ।

'री खाना मैले पकाएको हैन ।' उनी सरासर भान्सातिर लागिन् । हाम्रो त्यो दिनको यात्रा जाजरकोटसम्मको थियो । त्यसैले हामी खाना खाएर छिट्टै सल्लिबजार छोडेर अगाडि बढ्नु पर्ने थियो । हामी खाना खाँदै थियौं । एक्कासी आकाशबाट पानी पर्न थाल्यो । पानीमा ओत लाग्न लजभित्र छिरेका मान्छेहरूको भीड बढ्दै थियो । अनि बढेको भीडबाट आवाज आइरहेको थियो । पारीपट्टि अब गाडी जान सक्तैन । मैले भीडले के भन्न खोजेको हो नबुझेकोले भीड मध्येबाट थोरै बुज्रुक जस्तो देखिने एकजना व्यक्तिलाई सोधें ।

'दाइके भयो ?' उनले मतिर हेर्दै भने 'पानी परेकोले अब भेरीमा फेरी नचल्ने भयो, अब वारिपट्टिका गाडीहरू वारि नै रहने भए भनेको ।' उसको कुराले म थोरै झस्किएँ, हामीलाई त आज नै जाजरकोट जानु पर्ने, अब कसरी जाने ? मैले सुरजतिर प्राश्निक आँखाले हेरेँ । एकछिनमा पानी रोकियो अनि सबै जना ओता लाग्नेहरू त्यहाँबाट बाहिरिए । सायद होटलमा पाहुनाहरू कम थिए । हामी पनि उनीहरूसँगै बाहिरियौं । जाजरकोट जानका लागि केही उपाय छ कि भन्ने सोच्दै उपायको खोजीमा एकछिन भौतारियौं तर अहँ पानी परेपछि फेरी चल्ने सम्भावना नहुँदो रहेछ ।

हामीलाई जाजरकोट जानको लागि सल्लिबजार, देवस्थल गाविस, सल्यान जिल्ला र राकम गाबिस सुर्खेत जिल्लालाई जोड्ने भेरी नदीको झोलुङ्गेपुलबाट पारि गएपछि त्यहाँ जाजरकोट जाने बस लाग्दो रहेछ । हाम्रो गाडीलाई त्यहीं वारिपट्टि राखेर जाजरकोट जानुपर्ने भएपछि हामी थोरै अन्यौलमा पऱ्यौं ।

पानी रोकिएपछि सल्लीबजारको तापक्रम पनि थोरै बढेको थियो । हामी भर्खर रोकिएको पानीलाई गाली गर्दै फेरि त्यही हाम्रो पुरानो लजमा आइपुग्यौं । त्यही लजमा फर्किनुमा दुइटा प्रस्ट कारण हुन सक्थे । एउटा हामीले त्यो गाउँमा चिनेको त्यो लज मात्र थियो । अनि अर्को त्यो लजमा एकजना सुन्दर युवती पनि थिइन् । हामी साहुनीसँग चिया बनाउन अनुरोध गर्दै थियौं ।




साहुनीले सोधिन्, 'बाबुहरू कहाँसम्म जाने ?' सुन्दरले छिट्टै जवाफ दियो ।

'जाजरकोट ।' पानी परेकोले आज फेरी चलेन, त्यसैले अब भोलि जानुपर्ने भयो ।' सुन्दरले साहुनीसँग अर्को प्रश्न गऱ्यो 'साउनी कोठा त छ होला नि हैन ?' साहुनीले सहजै उत्तर दिइन । 'कोठा त छ बाबु तर पारिबाट गाडी लाग्छ नि । गाडीमा गए त भैहाल्छ नि जाजरकोट ।' हामी आफनो गाडी छोडेर लोकल बसमा जाने मनस्थितिमा थिएनौं । तर हाम्रो कुरा हामीसँगै राखेर मैले साहुनीलाई थोरै जोसिएर सोधेँ

'साहुनी अनि यो भेरी नदीमा गाडी चल्ने पुल बन्दै छ हैन ?' मेरो प्रश्न सकिन नपाउँदै साहुनी सुस्ताइन 'बाबु यो बर्षसम्म त सकिन्छ, त्यसपछि यो फेरीको झन्झटै हुँदैन ।'

'आमा म जान्छु है ?' एकाएक मिठो आवाज हाम्रो कानमा पऱ्यो । 'ए यता हेर त' साहुनी चिच्याइन् । कालो रङ्गको टिसर्ट र क्वाटर पाइन्ट लगाएकी अनि बाहिरपट्टि पहेंलो रङ्गको ज्याकेट लगाएकी, अनुहारलाई मेकअपले गुलाबी बनाएकी निता झट्ट हामी बसेकै टेबुल अगाडि आइपुगिन् । उनलाई देखेर मेरो आँखाले अन्त हेर्नै मानेनन्, उनीतिरै हेरिरहेँ । मलाई उनी कहाँ जाँदै छिन् भनेर सोध्न मन लागेको थियो तर सोध्न सकिन । साहुनीले सोधिन् 'कहिले आउँछेस् ।' भोलि बिहानको कार्यक्रम हो । भोलि बेलुका नभए पर्सि बिहान् ।'

'ए ल राम्रोसँग गएस् ।' आमा छोरीको संवाद सकिने बित्तिकै निता हराइहालिनत् । मैले साहुनीलाई थोरै धक मान्दै सोधें । 'छोरी कता जान लागेकी हुन्, नेपालगञ्ज कि सुर्खेत ?'

साहुनीले खुलेर बताइन् 'उ जाजरकोट जान लागेकी । राकमबाट बसमा जान्छे । बाबुहरूको गाडी जानसकेको भए बरु त्यसैमा जान्थी होली । 'हाम्रो कार्यक्रम परिवर्तन गर्न यति कुरा काफी थियो । निताविनाको त्यो होटलमा बस्नुभन्दा बिहानको जाजरकोटको कार्यक्रममा जानु हामीलाई एकाएक जरुरी लागेर आयो । साहुनीसँग बिदा मागेर हामी हाम्रो गाडीलाई त्यही होटल अगाडि थन्काएर हिड्यौं, जाजरकोटतर्फ ।

हतार हतार झोलुङ्गे पुल तरेर राकम पुग्दा, नितालाई भेटिन्छ कि भन्ने आशा गरेका हामी उनलाई नभेट्दा निराश भयौं । तर यात्रा गर्नु नै थियो । भेरी गंगा यातायात समितिद्वारा संचालित गाडीको टिकट काटेर जाजरकोट प्रस्थान गर्यौं । हामीलाई राकमदेखि जाजरकोटसम्मको ६२ कि.मि को यात्रा तय गर्नु थियो । त्यो पहाडी बाटोमा पहाडकी सुन्दरी नितालाई कतै भेटिन्छ कि भनेझै गाडी रोक्ने बित्तिकै हामी आशातित भएर ढोकातिर हेर्थ्यौ । हामी जाजरकोट पुग्यौं तर निता भेटिइनन् । नितालाई नभेटिएर अमिलो भएको मनलाई भोलिपल्टको कार्यक्रमको मिठो कल्पनाले खुसी बनाउँदै त्यो रात जाजरकोटमा नै बितायौं ।

'सम्भब, हेर त ऊ निता ।' भोलिपल्ट कार्यक्रम स्थलमा एक्कासी सुरजले नितातिर देखाउँदै भन्यो । हिजो बाटोभरि खोजेको नितालाई आफ्नै अगाडि देखिनुले, आँखाहरू खुसीले चम्किला भए । कार्यक्रम सुरु भइनसकेकोले हामीसँग कुरा गर्न समय रहन्थ्यो नै । आफू पत्रकार मान्छे, पेसाले जिज्ञासु अनि पेसा अपनाउनु अगाडि पनि सानैदेखि जिज्ञासु प्रवृत्तिको कारण पनि निता कसरी यो कार्यक्रममा आइपुगिन् भन्ने कुराको जिज्ञासा मनमा थियो । अनि हिजोसम्म पहाडको सानो भात होटलको परिवेशमा देखिएकी निताको भिन्न परिवेश, भिन्न फेसन र भिन्न चालढालले साँच्चै जिज्ञासा सिर्जना गरेकै थियो ।

'निताजी हिजो कुन गाडीमा आउनुभयो ? हामी पनि हिजै आयौं तर बाटोमा कतै भेटिएन त ?' मैले कुरा निकालेँ ।

'बसमा आएको, म राकममा एकछिन भुलें । अलि राति नै आइपुगें ।' उनी हामीभन्दा पछि आइपुगिछन् । धत्तेरी हामी के हतारिएर हिँडेको होला भन्ने लाग्यो । निताजी के गर्नहुन्छ भनेर सोधौं भने उनको होटलमा उनले नै खुवाएको खाना खाएको तर फेरि यो पत्रकारहरूको कार्यक्रममा उनको उपस्थितिले मनमा प्रशस्त जिज्ञासा उब्जाएकै थियो ।

मैले अर्को प्रश्न सोधें- 'भेरी नदीको फेरी सधैं वर्षामा बन्द हुन्छ होला हैन निताजी ? जाजरकोटलाई जोड्ने भेरी नदीको पुल अब अर्को वर्षसम्ममा त बन्छ होला हगि?'

'एघार वर्षदेखि हरेक अर्को वर्ष पुल बन्छ भन्ने आशामा बसेका छन्पुरा जाजरकोटवासी, भेरीको पुल बन्र्ला र निर्वाध रुपमा गाडी सञ्चालन होला भन्दै कुर्ने यहाँका बासिन्दाको नियति नै भैसकेको छ । यहाँबाट डाइरेक्ट काठमाडौं नाइट गाडी छुटाउने अनि त्यो गाडीमा काठमाडौं पुग्ने सपना बोकेका जाजरकोटबासीहरू हरेक वर्ष राकम जान्छन्, आधा मात्र बनेको पुल हेर्छन् अनि घुटुक्क थुक निल्दै अर्को वर्ष त पक्कै बन्छ भन्ने आशाका साथ फर्कन्छन् । एघार वर्ष यसैगरी बित्यो अरु थप कति वर्ष बित्ने हो थाहा छैन' फेरि सहज तर व्यङ्ग्यात्मक मुस्कान निकाल्दै भनिन् उनले । उनको कुराले म अचम्ममा परें ।

जाजरकोटबाट फर्किएको रात हामी उनकै होटलमा बस्यौं । मैले साँझ पख मेरो मोवाइलबाट एउटा म्यासेज पठाएँ । 'निताजी तपाईंसँगको भेटघाट रमाइलो भयो । हाम्रो कार्य क्षेत्र सायद एउटै भएकोले होला तपाईसँग नजिकिन समय नै लागेन ।' म्यासेजेको रिप्लाई नआउन पनि सक्थ्यो । तर आउला भन्ने आशामा आँखाहरू मोवाइलको स्किनमा एकटक लगाएर हेरिरहेका थिए । म्यासेज आएन, साँझ बित्यो, खाना खाने समय भयो । साहुनीले खाना लगाइन्, तर म्यासेज आएन ।

रातको करिव १ बजेको हुदौं हो । हल्लाखल्लाको बीच नारी रोदन प्रस्ट हाम्रो कोठासम्म सुनिन्थ्यो । सुरज र म त्यहीतर्फ लाग्यौं । हाम्रो होटलको भान्सासँगैको कोठाबाट आवाज आइरहेको थियो । कोठाभित्रको रोदन, चित्कार कसैको हैन, निताको थियो । नितासँग म केही नजिक भैसकेको थिएँ सायद उनको पीडा र रुवाईले मलाई पनि विचलित बनायो । आफैंलाई दुखेझैँ भयो । 'निताजी के भयो ?'मैले सोधेँ निता बोल्न सक्ने अवस्थामा थिइनन् । साहुनीले जवाफ दिइन् ।

'हेर्नोस् न बाबु यसलाई कहिलेकाँही यस्तै टाउको दुख्छ सहनै सक्दिन, आज पनि एक्कासि दुखिहाल्यो, कम नै हुँदैन ।' यो राति हुँदो कहाँ लानु, गाउँमा सानो मेडिकल पसलमात्रै छ, डाक्टर छैनन्, साह्रै गाह्रो भो यसलाई 'निताको टाउको सुम्सुम्याउँदै थिइन् साहुनीले ।

'निताजी पहिला पनि दुख्थ्यो ?'सुरजले प्रश्न गऱ्यो । म त स्तब्ध थिएँ, उनको पीडा अनि रुवाईले स्तब्ध । 'मलाई माइग्रेन हेडेक हुन्छ यसरी दुखेपछि पेन किलर इन्जेक्शन नै लगाउनु पर्छ अनि बल्ल कम हुन्छ ।' उनको अनुहार दुखाइले थोरै सुन्निएको थियो । रुन्चे स्वर निकालिन् । मैले साहुनीलाई सोधेँ 'यहाँ नजिक हस्पिटल कहाँ छ ?''सुर्खेतमा छ ।'

'निताजी सुर्खेत जाउँ ।' उनको आवाज पूरा नसकिँदै मैले भनेँ । मैले हाम्रो गाडीको स्टेरिङ्ग समातेँ, साहुनीले नितालाई लिएर पछाडिको सिटमा बसिन् अनि सुरज अगाडिको सिटमा । मैले भएभरको सीप प्रयोग गरेर गाडी चलाएँ । हामी करिब २ घन्टामा सुर्खेत आइपुग्यौं । माया नर्सिङ्ग होम सुर्खेतमा आकस्मिक सेवा पनि थियो । उनलाई पेनकिलर दिएपछि पीडा कम भएछ, उनका आँखा लोलाए, उनी निदाइन् । म र सुरज बाहिर बसिरहेका थियौं । मेरो मोवाइलमा म्यासेज आयो । म्यासेज निताको थियो । 'धन्यवाद । तपाईंको सहयोगको लागि, मलाई पीडामुक्त गराउन ठूलै सहयोग गरिदिनुभयो, तपाईंको सहयोग र तपाईंलाई बिर्सन सक्दिनँ ।

म्यासेजले त्यो गर्मीको मौसममा शीतलता थप्यो, रमाइलो मान्यो मनले, रिप्लाई गरेँ, 'मलाई टाढा नमान्नुस्, म तपाईंको साथी हुन पक्कै लायक छु ।' उताबाट रिप्लाई आयो 'मेरो भाग्य ।'

बिहानपख हामी सल्लिबजार फर्कियौं । निताको टाउको दुखाई पनि कम भैसकेको थियो । हामी केही हप्ता त्यहीँ बस्ने भयौं । निता अब खुलेर बोल्न थालिसकेकी थिइन् । उनी र म बिशेष नजिक थियौं । बेलाबखतमा सँगै र नजिक हुँदा पनि हामी मोबाइलको सहयोगले म्यासेजमार्फत् कुरा गर्थ्यौं । मैले एक दिन जिस्क्याएर मेसेज गरेको थिएँ । 'निताजी तपाई सुन्दर हुनुहुन्छ, सुन्दरता हेर्नेको आँखामा हुन्छ भन्थे तर हैन रहेछ सुन्दरता त आँखाको ओजमा, मुहारको तेजमा अनि मुस्कानको गहिराइमा हुँदोरहेछ ।'

उताबाट उस्तै रिप्लाई आयो । 'स्टुपिड, म सुन्दर छैन । तपाईंको म्यासेजले चाँहि सुन्दर बनाएको हो ।'


काठमाडौं फर्कने दिन हामीलाई विदाई गर्न हाम्रो उपभोक्ता समितिका सबै सदस्य उपस्थित थिए । त्यसको बीचमा निता नियाउरो मुख लगाएर उभिएकी थिइन् । सबै जना हाम्रो योजनामा विश्वस्त थिए । त्यो गाउँका मानिसलाई स्वच्छ पानी प्रदान गर्ने त्यो ठूलो संकल्पमा हामी सफल हुनु नै थियो अनि सम्पूर्ण बिदाइमा आएका मानिसहरूको आँखामा स्वच्छ पानी पिउने सपना सजिएको थियो । सपनाहरू सजिएका आँखाहरूले भन्दैथिए, 'सम्भव, सुरज, तिमीहरू फर्केर आऊ है, हामीहरूलाई सपना बाँडेर, अधुरो बनाइ फेरि आफ्नै संसारमा नहराऊ है । ती सपनाको बीच सायद एउटा अर्को सपना थियो निताको । भीडको बीचबाटै थोरै अगाडि आएर आफ्ना काँपिरहेका सुन्दर तर भावुक ओठहरूबाट मतिर हेर्दै आवाज निकालिन्, 'छिटो आउनुस् है, कुरी बस्छु ।' मैलै प्रतिउत्तरमा केही भन्नै सकिन । मुखबाट आवाज निस्किएन । बरु आँखाबाट आँसु पो निस्कियो । गरम टाउको हल्लाउँदै 'हुन्छ' को जवाफ दिएँ ।

हामी काठमाडौं आइपुग्यौं । काठमाडौंमा हामीलाई धेरैले सहयोग गर्नुभयो । हाम्रो उद्देश्यको लागि पुग्ने आर्थिक स्रोतको जगेर्ना गरेर हामी पश्चिम जाने तयारीमा जुटयौं । भोलिपल्ट हिँड्नु थियो । नितासँग कुरा नभएको पनि धेरै भएको थियो । काठमाडौं फर्केर आएपछि नितासँग लगभग कुरा भएको नै थिएन, त्यसैले पनि उनलाई भेट्ने कल्पना मात्रले पनि म उत्साहित भएथेँ । लगेजहरू तयार भए, हिँड्ने तयारी भयो ।

एकाएक मोवाइमा म्यासेज आयो, हेरेँ म्यासेज निताको रहेछ । उत्साहित भएर पढेँ । लेखिएको थियो 'सम्भव हामीले दुःखसुखका कुरा धेरै बाँडेका थियौं, तपाई मेरो नजीकको साथी हुनुहुन्छ । त्यसैले बताउँदैछु । मेरो भोलि विवाह छ, तपाईंहरू फर्केर आउँदा म सायद सल्लिबजारमा भेटिन्न होला, म नभए पनि हाम्रो उद्देश्य पूरा गरिदिनु होला बाइ बाइ ।'

निताले अगाडिका म्यासेजहरूमा सधै फेरि भेटौंला लेखेकी हुन्थिन् । 'बाई बाई हैन, फेरि भेटौंला भन्नुपर्छ किनकी हामी फेरि भेट्नेछौं' । यो उनको भनाइ थियो । मैले उनको म्यासेजको रिप्लाई लेखेँ । 'अल द बेस्ट, राम्रो जीवन साथीको लागि बधाई अनि सुखमय जीवनको लागि शुभकामना ।' यति लेख्दा आँखाहरू पुरै भिजेका थिए । भिजेका आँखाले सुरजलाई पनि प्रस्ट देखेनन्, उतिर नहेरिकनै उसलाई आफनो मोवाइल दिँदै भने 'सुरज म अब सल्लिबजार जाँदिन, तिमी एक्लै जाऊ । तर हाम्रो उद्देश्य पूरा गरेर आउनुपर्छ तिमीले ।' ऊ केही नबोली मेरो मोवाइल हेर्दै बसिरह्यो ।

# राति अबेरसम्म नसुत्दा हुने खराबीहरू



राम्रो निद्रा राम्रो स्वास्थ्यका लागि महत्वपूर्ण मानिन्छ । समयमा सुतेर राम्रो निद्रा पुग्यो भने मात्र हाम्रो शरीरले आराम दिन्छ । सही समयमा नसुती दैनिक पर्याप्त निद्रा पुगेन भनेयसले स्वास्थ्यमा ठूलो असर गर्छ ।

समयमा नसुत्दामुटुमा असर पर्न सक्छ । राति ढिलोसम्म नसुत्नाले मुटु रोगको खतरा बढ्छ। हरेक दिन सही समयमा नसुत्नु वा राति ढिलोसम्म नसुत्दा मोटोपना, मुटु रोग र मधुमेह जस्ता दीर्घ रोगको जोखिम पनि बढी हुन्छ । राति ढिलासम्म बस्दा पर्न सक्ने समस्याहरू यस्ता छन् :

राति ८ घण्टाभन्दा कम सुत्नु शरीर र स्वास्थ्य दुवैका लागि फाइदाजनक मानिँदैन। जो मानिसहरू राति ढिलोसम्म बस्छन् र पर्याप्त निदाउँदैनन् उनीहरू मुटुको गम्भीर समस्याहरूको जोखिममा पर्छन् । यस्ता मानिसहरूमा रक्तचाप, हृदयघात जस्ता गम्भीर रोगहरू पनि हुन सक्छन् । यसबाहेक रक्तचाप घट्नु, सास फेर्न गाह्रो हुनुजस्ता समस्या पनि देखिन्छन् । राति ढिलासम्म ननिदाउनु र कम सुत्नुका बेफाइदाहरू निम्मानुसार छन् ।

राति ढिलो गरी उठ्नाले तपाई उच्च रक्तचापको जोखिममा पर्नुहुन्छ । सामान्यतया, रक्तचाप निद्राको समयमा घट्छ, राति अबेरसम्म जागा रहनाले रक्तचाप शरीरमा उच्च नै रहन्छ। यस्तो अवस्थामा शरीरमा लामो समयसम्म उच्च रक्तचापको समस्या बढ्ने जोखिम हुन्छ ।

पर्याप्त निद्रा नपुग्दा मानिसलाई हृदयघातको खतरा बढ्छ। राति ढिलोसम्म बस्ने वा पर्याप्त निद्रा नपुग्नेहरूलाई हृदयघातको उच्च जोखिम हुन्छ। यसको कारण यो हो कि राति ढिलोसम्म जागै रहँदा व्यक्ति उच्च रक्तचाप र मधुमेहको समस्याबाट ग्रसित हुन सक्छन्, जुन हृदयघातका लागि सबैभन्दा ठूलो कारण मानिन्छ।

पर्याप्त निद्रा नपुग्दा मुटुरोगको साथै अन्य गम्भीर मुटु रोगहरू निम्तिन सक्छन् । राति ढिलोसम्म बस्नु मुटुको स्वास्थ्यका लागि गम्भीर मानिन्छ। मुटु स्वस्थ राख्नका लागि दैनिक पर्याप्त निद्रा लिनु आवश्यक छ। जो मानिसहरू राति ढिलोसम्म बस्छन् वा राति कम सुत्छन् उनीहरूमा हृदय विफलताको जोखिम बढ्छ।

राति ढिलोसम्म बस्दा वा कम समय सुत्दा मुटुसँग सम्बन्धित गम्भीर समस्याहरू आइपर्छन् । पर्याप्त निद्रा पुगेन भने तनाव र दुखाइको महसुस हुन्छ । शरीरमा सीआरपी वा सी९रिएक्टिभ प्रोटिन बढेर गम्भीर मुटु रोग लाग्न सक्छ। यसको कारण, हृदयघातजस्ता गम्भीर समस्याहरूको सामना गर्नुपर्ने हुन सक्छ। त्यसैले पर्याप्त निद्रा मुटु र शरीरलाई स्वस्थ राख्नको लागि महत्त्वपूर्ण छ।

# फेसबुकको मेटाले कर्मचारी कटौती गर्ने

काठमाडौं । फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएपको माउ कम्पनी मेटाले १० हजार कर्मचारी कटौती गर्ने भएको छ । मेटाले ५ महिना भित्रमा कर्मचारी कटौती गर्न लागेको यो दोस्रो पटक हो । गत नोभेम्बरमा उसले ११ हजार कर्मचारीलाई कामबाट निकालेको थियो । मेटाका प्रमुख कार्यकारी मार्क जुकरबर्गले कर्मचारीलाई पठाएको सूचनामा सन् २०२२ मा कम्पनीको आम्दानी घटेको र अहिले स्थिति झनै खराब भएकाले आफूले यस्तो निर्णय गर्नु परेको बताएका छन् ।

अमेरिकामा बढेको ब्याज दर, विश्वव्यापी भूराजनीतिक अस्थिरतालगायतका कारणले मेटाको आम्दानी घटेको उनले बताएका छन् । 'हामीले यस्तो आर्थिक स्थिति अझै धेरै समयसम्म रहने संभावनालाई मध्य नजर गरेर आवश्यक तयारी गर्नुपर्छ,' जुकरबर्गले भनेका छन् । गुगल, अमेजन लगायतका मेटाका प्रतिस्पर्धी कम्पनीहरूले प्रतिस्पर्धाका लागि लागत कटौती गर्न भन्दै कर्मचारी घटाउन थालेका छन् । अमेजनले यो वर्षको सुरुमै १८ हजार कर्मचारी कटौती गरेको थियो भने गुगलको मातृ कम्पनी अल्फाबेटले १२ हजार कर्मचारी हटाएको थियो । एक अध्ययन अनुसार सूचना प्रविधिको क्षेत्रमा काम गर्ने विश्वभरका कम्पनीहरूमा पछिल्लो साढे २ महिनामा १ लाख २८ हजार जनाले रोजगारी गुमाएका छन् ।

*- एजेन्सीको सहयोगमा*

# निफको तयारी पूरा

काठमाडौं । छैटौं 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ) को सम्पूर्ण तयारी पुरा भएको निफले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ । निफका अध्यक्ष केपी पाठकद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'चैत २ देखि ६ गते (मार्च १६-२०) सम्म हुने छैटौं 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ) को सम्पूर्ण तयारी पुरा भएको सगौरव जानकारी गराउन चाहान्छौं ।'विश्वभरीका कथाहरूको उत्सव नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' 'निफ'को सम्पूर्ण तयारीकालागि हाम्रो टीमतीन महिना अघिदेखि सक्रिय रहँदै आएको छ ।

'निफ'को समुद्घाटन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बाट हुने छ भने समापन संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीबाट हुने जानकारी गराउँछौं ।

५५ देशबाट आएका ५ सय बढी चलचित्र मध्येबाट ३५ देशका ९५ चलचित्र प्रतियोगिताकालागि छनौट गरिएको जानकारी यसअघि नै गराईसकेका छौं । र, यी सम्पूर्ण चलचित्रको प्रदर्शन क्यूएफएक्सद्धारा सञ्चालित चारवटा अत्याधुनिक सिनेमा हलहरूकाठमाडौंको सिभिल मल र छायाँ सेन्टर, पुलचोकको लविङ मल अनि भक्तपुर राधेराधेको भाटभटेनीमा रहेको हलबाटहुनेछन् । संसारभरीका प्रतिनिधि चलचित्रलाई आफ्नै आँगनमा हेर्न पाउने यो अवसरबाट कलाकर्मी तथा कलाअनुरागी कोहीपनि बञ्चित हुनहुन्न भनेर नै हामीले प्रदर्शनको दायरालाई फराकिलो पारेका हौं ।

छैटौं निफको 'ओपनिङ फिल्म'को रुपमा कोरिन शर्मा निर्देशित चलचित्र 'चरी' (अप्रतियोगी) प्रदर्शन हुने छ । त्यसैगरी माथि उल्लेखित सिनेमा हलहरूमा टिकट बुकिङ खुला भएको र 'खल्ती एप' मार्फत टिकट बुकिङ गर्न सकिने जानकारी यसअघि नै गराई सकेका छौं । र, चलचित्र प्रदर्शनको सेड्युल समेत सार्वजनिक गरिसकिएको छ ।

त्यसैगरी विगतमा झैं यस पटकपनि७ विधामा १४ वटा पुरस्कार वितरण गरिने छ । प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लामा छोटा चलचित्र, डकुमेन्ट्री तथा एनिमेटेड चलचित्रहरूको विधा समावेश छन् । यस पटकको निफमा समेत रचनात्मक कार्यक्रमलाई विशेष महत्व दिईएको छ ।चलचित्र क्षेत्र र सम्बन्धित विधाका विज्ञहरूले विभिन्न सेसनमाउल्लेख्य सहभागिता जनाउनु हुने टुंगो लागिसकेको छ । सम्पूर्ण सेसनहरू र एकल प्रस्तुतिका सम्बन्धमा सार्वजनिक भएका सेड्युल मार्फत जानकारी लिन पनि अनुरोध गर्दछौं ।

निफ र मिडियाको सम्बन्ध अन्योन्याश्रित छ । पहिलो निफदेखि अहिलेसम्म हामीलाई प्राप्त 'मिडिया सपोर्ट' उल्लेख्य मात्र छैन, तारिफ योग्य पनि छ । र, भविश्यमा पनि यस्तै 'सपोर्ट'को अपेक्षा गर्छौं र गरिनै रहने छौं । यहाँहरू सबैको गरिमामय उपस्थितीकालागि हार्दिक धन्यवाद प्रकट गर्दै महोत्सवमा सक्रिय सहभागिताकालागि आम कलापारखीहरूलाई विशेष अनुरोध गर्दछु ।'

# जी-२० सम्मेलन र रूस-युक्रेन युद्ध



विष्णु भट्टराई










काठमाडौं। अन्तर्राष्ट्रिय आर्थिक मुद्दामा विश्वव्यापी सहकार्य गर्ने लक्ष्यका साथ १९ आर्थिक शक्ति मुलुक र युरोपेली संघ मिलेर बनेको अन्तरसरकारी संगठनको सम्मेलन रुस-युक्रेन युद्धका कारण छायामा परेको छ। भारतको नयाँदिल्लीमा बिहीबार सम्पन्न जी-२० परराष्ट्रमन्त्रीस्तरीय सम्मेलन अन्य एजेन्डाभन्दा पनि रुस-युक्रेन युद्धको विषयमै केन्द्रित रह्यो।

'द ग्रुप अफ ट्वान्टी' अर्थात् जी-२० को सन् १९९९ मा स्थापना भएको थियो। गत वर्ष इन्डोनेसियाले भारतलाई यसको अध्यक्षता हस्तान्तरण गरेको थियो। भारतले 'वसुधैव कटुम्बकम्' अर्थात् 'एउटा पृथ्वी, एउटा परिवार र एउटै भविष्य' नारा लिएर जी-२० सम्मेलनका बैठकहरू गरिरहेको छ। नयाँदिल्लीमा सेप्टेम्बर ९ र १० मा जी-२० मुलुकका सरकार प्रमुखहरूको १८ औं शिखर सम्मेलन हुँदै छ। उक्त सम्मेलनअघि बैंग्लोरमा जी-२० अर्थमन्त्रीस्तरीय सम्मेलन पनि गरेको थियो। बुधबार र बिहीबार भने जी-२० परराष्ट्रमन्त्रीस्तरीय सम्मेलन भएको हो।

गत वर्ष इन्डोनेसियाको राजधानी बालीमा भएको शिखर सम्मेलनमा जस्तै रुस-युक्रेन मामिलामा एकातर्फ पश्चिमा मुलुक र अर्कोतर्फ रुस र चीनको धारणा फरक हुँदा दुईदिने सम्मेलनपछि संयुक्त वक्तव्य निस्कन सकेन। 'ग्लोबल साउथ' मुलुकलाई समेत प्राथमिकतामा राखेको भारतले यो सम्मेलनमा ४० मुख्य अतिथिलाई नयाँदिल्लीमा स्वागत गरेको थियो। अर्कोतर्फ जी-२० को सम्मेलनमा सबैभन्दा बढी परराष्ट्रमन्त्रीको सहभागिता भएको यो नै पहिलो अवसर रह्यो।

जापानका परराष्ट्रमन्त्री हायासी योसिमासाबाहेक अन्य १८ मुलुक र युरोपेली संघका परराष्ट्रमन्त्री दिल्लीमा जम्मा भए। सम्मेलनले लामो समयदेखि भारत र चीनबीच भएका सीमा द्वन्द्वलाई छायामा पार्दै चीनका नयाँ परराष्ट्रमन्त्री छिन काङ बेइजिङबाट दिल्लीमा उत्रिए। अर्कोतर्फ २०२२ फेब्रुअरी २४ मा रुस-युक्रेन युद्ध सुरु भएपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन रुसी समकक्षी सर्गेई लाभ्रोभसँग आम्नेसाम्ने भए।

सम्मेलन उद्घाटन सत्रलाई भर्चुअल रूपमा सम्बोधन गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वका चुनौती सामना गर्न आपसका फरकपनाबाट माथि उठ्न आग्रह गरे। उनले भनेका थिए, 'दोस्रो विश्वयुद्धको अन्त्यपछि सिर्जना भएको अन्तर्राष्ट्रिय व्यवस्थाले आफ्नो लक्ष्य हासिल गर्न सकेको छैन र यस असफलताको चरम असर विकासोन्मुख विश्वले भोगिरहेको छ।' मोदीले जी-२० लाई सहमति निर्माण गर्न र मतभेद समाधान गर्न आग्रह गरे। सन् २०२२ को सेटेम्बरमा सांघाई कोअपरेसन अर्गनाइजेसन (एससीओ) को २२ औं बैठकमा भाग लिने क्रममा उज्वेकस्तानको सहर समरकान्दमा भएको दुई पक्षीय भेटवार्तामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई उनले अहिलेको समय युद्धको नभएको भनेका थिए।

रुस-युक्रेन युद्धको असर दिल्लीको जी-२० परराष्ट्र मन्त्रीस्तरीय सम्मेलनमा पनि पर्न गएको छ। जी-२० मुलुकमा विश्वको ८५ प्रतिशतभन्दा बढी कुल गार्हस्थ्य उत्पादन हुन्छ भने ७५ प्रतिशत विश्वव्यापी व्यापार हुने आकडा छ। यी मुलुकमा विश्वका दुई तिहाइ जनसंख्या बसोबास गर्छन्। तर यी मुलुकका परराष्ट्रमन्त्रीको सम्मेलनमा मोदीले भनेजस्तो सहमतिभन्दा पनि विमति बढी देखिएको छ।

सम्मेलनपछि प्रतिक्रिया दिँदै भारतीय विदेशमन्त्री एस. जयशंकरले बैठकपछि संयुक्त वक्तव्य आउन नसक्नुमा जी-२० मुलुकबीच फरक-फरक धारणा रहेको बताए। 'विभिन्न पक्षले फरक विचार राखेकाले एकमतमा पुग्न नसकिएको हो,' उनको भनाइ थियो। तर, उनले कम विकसित राष्ट्रको सरोकार समावेश गर्ने अधिकांश मुद्दामा सहमति भएको उल्लेख गरे। भारतसहित १७ मुलुकले युक्रेनको मामिलामा एउटा धारणा राखे पनि चीन र रुसले त्यसलाई नमान्दा संयुक्त वक्तव्य आउन सकेन।

चीन र रुसले गत वर्ष बालीमा अघिल्लो जी-२० घोषणाबाट लिइएका दुई बुँदामा आपत्ति जनाएका थिए। जी-२० को अध्यक्ष भारतद्वारा बिहीबार सार्वजनिक 'अध्यक्षको सारांश तथा सम्मेलनको परिणाम' दस्तावेजमा २४ बुँदा छन्। जसमध्ये बालीमा जस्तै ३ र ४ नम्बर बुँदामा रुस र चीन सहमत भएनन्। ती बुँदामा युक्रेनको युद्धले विश्वव्यापी अर्थतन्त्रमा कमजोरी बढाउँदै ठूलो मानवीय पीडा निम्त्याइरहेको, अन्तर्राष्ट्रिय कानुनलाई समर्थन गर्न आवश्यक रहेको, परमाणु हतियारको प्रयोग वा प्रयोगको धम्की अस्वीकार्य भन्नेबारे उल्लेख छ। त्यसमा सबै मुलुकबीच सहमति हुन नसक्दा संयुक्त वक्तव्य निस्कन सकेन।

सम्मेलनपछि बोल्दै अमेरिकी विदेशमन्त्री ब्लिन्केनले पुटिनले चाहे रुस-युक्रेन युद्ध रोकिने बताए। 'पुटिनले चाहे यो युद्ध भोलि नै रोकिन्छ, अमेरिका युद्ध चाहँदैन,' उनको भनाइ थियो। रुसी परराष्ट्रमन्त्री सर्गेई लाभ्रोभसँग शुक्रबार बिहान भएको राइसिना डाइलगमा बोल्दै उनले नेटो (नर्थ एट्लान्टिन सन्धि संगठन) ले आफ्नो प्रतिबद्धता तोडेको र पूर्वी युरोपसम्म संगठन फैलाएको टिप्पणी गरे। 'हामीले उनीहरूलाई प्रश्न गर्दा उनीहरूले यो राजनीतिक सहमति मात्र भएको उल्लेख गरे। तर यो सुरक्षा केन्द्रित हो,' उनले भने, 'रुसले नभई पश्चिमाले युद्ध चाहेका हुन्।' साथै, रुसले चीनले आफूलाई सहयोग गरेको भन्दै पश्चिमा मुलुकहरूले 'ब्ल्याकमेल' गरेको पनि बताएको छ।

सम्मेलनमा भएको रुस-युक्रेन युद्धको विषयलाई लिएर चीनले आफ्नो धारणा बाहिर ल्याएको छ। चिनियाँ विदेश मन्त्रालयले युक्रेन मुद्दाले नै संयुक्त वक्तव्य आउन नसकेको बताएको छ। चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले पत्रकार सम्मेलनमा भनेकी छिन्, 'युक्रेन मामिलामा चीनको विचार अहिले पनि परिवर्तन भएको छैन। अन्तर्राष्ट्रिय वित्तीय सहयोगका लागि जी-२० एउटा महत्त्वपूर्ण समूह हो। बाली सम्मेलनमा सदस्य देशका नेताहरूले भनेका थिए जी-२० सुरक्षासँग जोडिएका मामिला समाधान गर्ने मञ्च होइन।' प्रवक्ता निङले जी-२० का नेताहरूले आर्थिक सुधार, स्थायित्वमा ध्यान दिनुपर्ने बताएकी छिन्। युक्रेन मामिलामा सदस्य राष्ट्रहरूको अलग-अलग विचार रहेकाले पनि सहमति बन्न नसकेको उनको भनाइ छ। उनले अगाडि भनेकी छिन्, 'युक्रेन मुद्दामा जी-२० सदस्य राष्ट्रमा अलग-अलग विचार छन्। हामी आशा गर्छौं कि जी-२० का सदस्य एकअर्काको चिन्ताको सम्मान गर्नेछन् र विभाजनभन्दा एकताको सन्देश दिनेछन्।'

त्यस्तै चिनियाँ सरकारी सञ्चारमाध्यम 'ग्लोबल टाइम्स' ले शुक्रबार सम्पादकीय लेख्दै जी-२० बैठकमा किन भारत सशंकित भन्दै विदेशमन्त्रीबीचको बैठक 'विषयवस्तुभन्दा बाहिर' गरेको जनाएको छ। जी-२० को सम्मेलन अन्तर्राष्ट्रिय आर्थिक सहकार्यका लागि उचित स्थान भएको उल्लेख गर्दै सम्पादकीयमा भारतीय प्रधानमन्त्री मोदीले पनि अन्तर्राष्ट्रिय सहकार्यका लागि जोड दिएको उल्लेख छ। चीनले सम्मेलनमा विश्वव्यापी मतभेदको गम्भीरता देखेको उल्लेख गर्दै ती भिन्नतालाई तीव्र बनाउनमा अमेरिका र पश्चिमी देशको गलत मनोवृत्ति महसुस भएको दाबी गरेको छ।

भारतीय सञ्चारमाध्यम 'द प्रिन्ट' का प्रधानसम्पादक शेखर गुप्ताले मुख्य दुई समूह र अन्य उपसमूह मिलेर जी-२० बनेको उल्लेख गरेका छन्। उनले पहिलो समूहलाई चीनपीडित समूहका रूपमा व्याख्या गरे, जसमा युरोपेली संघसहित नौ मुलुक छन्। अस्ट्रेलिया, अमेरिका, बेलायत, दक्षिण कोरिया, क्यानडा, भारत, इन्डोनेसिया र जापानलाई उक्त समूहमा राखेका छन्। यसैगरी, दोस्रो समूहमा रुसपीडित ११ मुलुक छन्। जसमा अस्ट्रेलिया, क्यानडा, फ्रान्स, जर्मनी, इटाली, दक्षिण कोरिया, जापान, बेलायत, अमेरिका र युरोपेली संघ छन्।

जी-२० मुलुकको पहिलो उपसमूहका रूपमा पश्चिमासँग शंकाको दृष्टिकोणबाट हेर्ने मुलुकहरू छन्। जसमा चीन, साउदी अरब र टर्की छन्। साउदी अमेरिकासँग नजिक छ तर पछिल्लो समय सम्बन्धमा दरार आइरहेको छ। दोस्रो उपसमूहका रूपमा रुसका सहयोगीहरू छन्। जसमा चीन, दक्षिण अफ्रिका, साउदी, भारत र टर्की छन्। तेस्रो उपसमूहमा रुसनिकट चीन, भारत, दक्षिण अफ्रिका, साउदी छन्। उनीहरूले रुसविरुद्ध बोलेका छैनन्। युक्रेन युद्धका विषयमा चीन रुसको पूर्ण पक्षमा छ।

भारतले पनि रुसलाई तटस्थ साथ दिएको छ। चौथो उपसमूहमा चीन नजिकका रुस, दक्षिण अफ्रिका र टर्की हुन्। पाँचौं समूहमा भारतका सहयोगी छन्। यसमा जी-२० मा चीनबाहेक भारतको सबै मुलुकहरूसँग राम्रो सम्बन्ध रहेको मानिन्छ। नेटोको सदस्य भए पनि टर्कीले आफूलाई समय र परिवेशअनुसार पश्चिमा मुलुकदेखि रुस र चीनसँग पनि सुमधुर सम्बन्ध राख्न सफल भएको देखिन्छ। टर्कीको कूटनीतिक कौशलता बलियो देखिन्छ। अहिले टर्कीले नै रुस र युक्रेनबीच वार्ताका लागि मध्यस्थताको पहल गरिरहेको छ।

भूराजनीतिक जानकार तथा अवकाश प्राप्त उपरथी विनोज बस्न्यात युक्रेन युद्ध दोस्रो वर्षमा प्रवेश गरेसँगै नयाँदिल्लीमा भएको सम्मेलनले अब विश्वमा दुई धार स्पष्ट देखिएको मान्छन्। 'एकातिर रुस र चीन छ भने अर्कोतिर अमेरिकाको नेतृत्वमा रहेको पश्चिमा मुलुक छन्,' उनले भने, 'युक्रेन युद्धले गर्दा ऊर्जा संकट, आर्थिक संकट र सप्लाई चेनमा असर परेको छ।'

बस्न्यातले अब विदेश नीति र सप्लाई चेनलाई लिएर अहिलेको संकटबाट सिक्दै नेपालले पनि राष्ट्रिय नीति बनाउनुपर्ने प्रस्ट पारे। 'नेपालले पनि जी-२० सम्मेलनमा देखिएको क्रियाकलाप र युक्रेन युद्धले पारेको प्रभावलाई सामना गर्न हाम्रो विदेश नीति र सप्लाई चेनलाई बनाउनुपर्छ,' उनले भने, 'जसले नेपालको राष्ट्रिय हितलाई संरक्षण गरोस्।' *(एजेन्सीहरूको सहयोगमा)*

# विकासमा कसरी छलाङ मार्‍यो रुवान्डाले ?



कुनै बेला चिन्ता गरिन्थ्यो नेपाल रुवान्डा बन्ने भो तर अहिले कामना गर्नुपर्ने भएको छ- नेपाल रुवान्डा जस्तो बने हुन्थ्यो। आखिर किन ? रुवान्डा नेपालजस्तै भूपरिवेष्ठित अफ्रिकी मुलुक हो। त्यहाँ जर्मनी र बेल्जियमले आफ्नो उपनिवेश कायम गरेका थिए। युरोपेलीहरूले विशेषतः अफ्रिका र युरोपमा प्रभाव जमाएका थिए। उनीहरूले प्रत्यक्षभन्दा पनि आपसी द्वन्द्व गराएर आफ्नो प्रभाव विस्तार गरेका थिए। प्रथम विश्वयुद्धमा जर्मनी पराजित भएपछि रुवान्डामा बेल्जियमले जर्मनीको ठाउँ लियो। अल्पसंख्यक टाठाबाठा टुट्सी जातिको दबदबालाई बेल्जियमले प्रश्रय दियो। बेल्जियमले जातीय विभाजनको सूत्र रुवान्डामा प्रयोग गर्‍यो। हुटु, टुट्सी र ट्वा जाति चिन्नका लागि अनिवार्य जातीय परिचयपत्रको नयाँ नियम लागू गर्‍यो। बहुसंख्यकमाथि अल्पसंख्यकलाई प्रयोग गरेर शासन गर्ने फुटाउ र राज गरको रणनीति थियो यो। जातीय परिचयपत्रले हुटु र टुट्सीबीच द्वन्द्वको बिउ रोप्यो। क्षमताभन्दा पहिचानका आधारमा राज्यले प्रदान गर्ने अधिकारको माग हुन थाल्यो। हुटुले हुटुलाई टुट्सीले टुट्सीलाई मात्रै अगाडि बढाउन थाले। जातीय भावनाले द्वेष र घृणालाई अघि बढायो। जन्मका आधारमा नभई जातीयताका आधारमा अधिकार पाइन्छ भन्ने सन्देश प्रवाह भयो।

रुवान्डाको कानुनले नै जातीयताका आधारमा सरकारी ओहोदामा स्थान पाउने व्यवस्था गर्‍यो। जातजातिलाई खुसी बनाउने र अधिकार सुनिश्चित गर्ने नाममा गरिएको कानुनी निर्णय अन्ततः घातकसिद्ध भयो। सन् १९५० को दशकमा बेल्जियमकै अग्रसरतामा राज्यको मूलधारबाट टाढा पारिएका हुटुहरूलाई राज्यको महत्वपूर्ण स्थान दिन थालियो। यसमा उनीहरूको क्षमता अभिवृद्धिभन्दा पनि जातीयताको आधारलाई प्राथमिकता दिइयो। चलाख हुटुहरूले प्रशस्त लाभ लिए। सरकारी सेवामा हुटुहरूको प्रवेश बाक्लिन थाल्यो। हुटु जाति सदियौंदेखि शोषण र दमनमा परेका थिए। मिलेर देशको उन्नति गर्नुपर्नेमा विभेद र बदलाको भावना जागृत हुन थाल्यो। टुट्सीप्रति हुटुहरूले घृणापूर्ण व्यवहार गर्न थाले। टुट्सीहरूले विगतमा आफूहरूप्रति गरेको असमान व्यवहारलाई हुटुहरूले रंगरोगनका साथ बढाइचढाइ प्रस्तुत गर्दै स्थितिलाई उत्तेजित बनाउन थाले। हुटुले टुट्सीलाई विदेशी जातिको आरोप लगाउन पछि परेनन्। जातीय हिंसाका घटनाहरू हुन थाले।

वास्तवमा रुवान्डामा हुटु र टुट्सी दुवै आदिबासी थिएनन्। टुवाँ जातिका थिए आदिवासी। हुटुभन्दा केही समय पछाडि रुवान्डा पसेका थिए टुटसीहरू। दुवै जातिबीच धर्म संस्कृतिमा समानता थिए। अघि र पछि गरेर रुवान्डा छिर्नु मात्र केवल असमानता थियो। रुवान्डाको वास्तविक बासिन्दा आफूहरू भएको हुटुहरूको दाबी थियो। हुटु र टुट्सी दुवै जातिको धर्म र संस्कृति एउटै भएकाले विवाह समेत चल्थ्यो। तर यी दुई जातिबीच द्वन्द्व सिर्जना गरिदियो जातीय परिचयपत्रले। बेल्जियमले रुवान्डामा जातीय द्वन्द्व खडा गरेर आफ्नो उपनिवेश टिकाउने खतरनाक रणनीति लिएको थियो।

दोस्रो विश्वयुद्धपछि रुवान्डा बेल्जियमको उपनिवेशबाट मुक्त भयो। रुवान्डाको स्वतन्त्रतापछि त्यहाँको टुट्सी जातिको राजतन्त्रको पनि अन्त्य भयो सन् १९५९ मा। राजतन्त्रको अन्त्यपछि पावर भ्याकुममा हुटुहरूले टुट्सीको स्थान लिए। हुटु जातिका राष्ट्रपति जुभेनल हवायरी मना (किनानी) एक विमान दुर्घटनामा मरेपछि टुट्सी जातिमाथि हत्या षड्यन्त्रको आरोप लगाइयो। हुटुहरूले टुट्सी जातिको भन्डै सफाय नै गरे। हुटु शासकहरूले सन् १९९४ मा १२ लाख टुट्सीहरूको निर्मम हत्या गरे। टुट्सी महिलाहरूलाई बलात्कार गर्ने र यौनदासी बनाउने समेत काम गरे। ८० लाख जनसंख्या थियो त्यसबेला रुवान्डामा। तर यस जातीय युद्धमा टुट्सी जाति विजयी भए। हुटु जातिको सत्ता ढल्यो। सय दिनको त्यो युद्ध संसारकै भयावह जातीय युद्ध मानिन्छ।

चौबीस वर्षपहिले विश्वले कहिल्यै भुल्न नसक्ने जातीय गृहयुद्धले तवाह भएको रुवान्डा अहिले विकासशील राष्ट्रको सूचीमा पर्छ। राष्ट्रपति पल कागमेले रुवान्डालाई अहिले अफ्रिकाकै आँखाको नानी बनाएका छन्। केही समय अघि मात्र चिनियाँ राष्ट्रपति सी जिन पिङ र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले रुवान्डाको भ्रमण गरेका थिए। राष्ट्रपति कागमे शक्तिशाली राष्ट्रहरूका प्रमुखहरूले समेत भेट्नैपर्ने व्यक्ति भएका छन्। कागमे क्यानडामा भएको जी-८ राष्ट्रको भेलामा सहभागी भए। रुवान्डा ब्रिटेनको उपनिवेश नभए पनि कमनवेल्थ राष्ट्र बनेको छ। सन् २०२० मा कमनवेल्थ राष्ट्राध्यक्षहरूको शिखर सम्मेलन रुवान्डाको राजधानी किगालीमा हुँदैछ।

रुवान्डा अफ्रिकी महाद्वीपकै कन्फरेन्स गन्तव्यका रुपमा चिनिएको छ। रुवान्डाले ४० अर्ब रुपैयाँ खर्च गरेर कन्फरेन्स हल बनाएको छ। रुवान्डा सुरक्षाका दृष्टिकोणले अब्बल देश मानिन्छ। हवाई सेवा विस्तारका कारण विश्वका ठूलठूला कन्फरेन्स रुवान्डामा हुने गरेका छन्। रुवान्डाले पर्यटनबाट वार्षिक ४५ अर्ब रुपैयाँ कमाउँछ, २ लाख पर्यटकबाट यति धेरै रकम कमाउनु सानो उपलब्धि होइन। नेपालमा रुवान्डामा भन्दा पाँच गुणा बढी पर्यटक आउँछन् तर वार्षिक ५८ अर्ब रुपैयाँ मात्र कमाइ हुन्छ।

रुवान्डा पहिले फ्रान्सको अधिनमा रहेका राष्ट्रहरूको समूह (फ्रान्कोफाँ) राष्ट्रहरूको अध्यक्ष पदको दाबेदारी प्रस्तुत गरिरहेको छ। फ्रान्ससँग रुवान्डाको सम्बन्ध यसअघि चिसिएको थियो। फ्रान्समा नयाँ राष्ट्रपति म्याक्रोन आएपछि रुवान्डा फ्रान्स सम्बन्ध राम्रो भएको छ। रुवान्डा संसारको उदाउँदो शक्ति राष्ट्रका रुपमा आफूलाई चिनाउन खोज्दैछ। नागरिकहरूको आय त्यति धेरै नभए पनि मितव्ययी बन्न सरकारले सिकाएको छ। ऋण खोजेर भोजभतेर गर्दैनन् रुवान्डाका जनता। नेपाल विश्वमा भाडाका कामदार जन्माउने देशका रुपमा चिनिन्छ। तर रुवान्डाको सरकारले आफ्ना नागरिकलाई विदेशमा काम गर्न जान प्रोत्साहित गर्दैन। त्यहाँ नेपालका जस्ता मानव व्यापार गर्ने मेनपावर व्यवसाय सञ्चालन गर्न निषेध गरिएको छ। आफ्नै देशमा पसिना बगाउन रुचाउँछन् रुवान्डाबासी।

पर्यावरणप्रति रुवान्डाली सरकार एकदमै सचेत छ। बाटाहरू ऐना जस्तै टलक्क टल्किएका देखिन्छन्। फोहोर व्यवस्थापन यस्तो गरिएको छ बाटा चोक या पार्कहरूमा प्लास्टिक वा कागजका टुक्रा देख्न पाइँदैन। रुवान्डाले प्लास्टिकमाथि पूर्ण प्रतिबन्ध लगाएको छ। रुवान्डामा धूवाँ र धूलो त देख्न पनि पाइँदैन। यातायातका सवारी साधनहरू युरो मापदण्डका छन्। यहाँ जस्तो बीसवर्षे थोत्रा गाडी चलाउन सरकार मोलमोलाई गर्दैन। विद्युतीय सवारी साधनमा सरकारले जोड दिइरहेको छ। आय कम, क्षेत्रफल र जनसंख्यामा सानै भए पनि रुवान्डाले विकास र समृद्धिमा छलाङ मारेको छ। नागरिक सुरक्षाको जिम्मेवारी सरकारले लिएको छ। हत्या, बलात्कार, चोरी, गुण्डागर्दीका समाचारहरू त्यहाँ सुनिँदैनन्। जबकि नेपालमा दैनिक हत्या र बलात्कारका घटना घटिरहेका छन्। रुवान्डाका सुरक्षाकर्मीका सामु कस्तै अपराधी पनि उम्कन सक्दैनन्। तर नेपालमा सुरक्षाकर्मी नै अपराधमा दोषी ठहरिरहेका छन्।

रुवान्डाका राष्ट्रपतिले आफन्त वा नातेदारलाई जिम्मवारीका कुनै पनि पदमा राखेका छैनन्। त्यहाँ योग्यता र दक्षमतालाई हेरेर जागिर दिइन्छ न कि यहाँको जस्तो पार्टी र फरिया नाता हेरिन्छ। शिक्षा, स्वास्थ्य, खाद्यान्न, लत्ताकपडामा रुवान्डा आत्मनिर्भर भइसकेको छ। विदेशबाट त्यहाँको सरकारले विलासी वस्तुहरू आयात गर्दैन। न त नेपालले जस्तो विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोषसँग ऋणको याचना गर्छ रुवान्डाले। राजधानी किगालीमा मानिसहरू रातभर निष्फिक्री हिंडडुल गर्छन्। रुवान्डामा भनसुनको राजनीति चल्दैन। यहाँका नेता र पार्टीले जसरी पैसाको बगावत चुनावमा गर्दैनन् त्यहाँका नेता र दल। रुवान्डामा सुशासन र नागरिक सुरक्षा लोभलाग्दो छ। ६० अर्ब रुपैयाँको सांस्कृतिक पर्यटन स्थलको बीस वर्षे काम भइरहेको छ त्यहाँ। अमेरिकासँग सिधा हवाई सम्पर्क गर्दैछ रुवान्डाले। पाँच वर्षपछि रेल्वे सेवा सुरु हुँदैछ। रेलसम्बन्धी कोर्स विद्यार्थीहरूलाई पढाउन थालिएको छ। प्रधानमन्त्री केपी ओली पानीजहाज र रेलका सपना बाँढ्छन् मनोरेल र स्मार्टसिटीका कुरा गर्छन्। तर देश भ्रष्टाचारले जर्जर छ। भौतिक पूर्वाधारका निर्माणका काम शून्य बराबर छन्। अनि कहिले हुन्छन् नेपाली सुखी अनि समृद्ध नेपाल ?

प्रेरक

# समयको पालना

अमेरिकी समाजमा समयको पालनालाई बढी नै महत्व दिइन्छ । अमेरिकी नागरिक समयको पालनामा आज मात्र होइन, हिजो पनि उत्तिकै प्रतिबद्ध थिए । समयको परिपालनामा अमेरिकाका प्रथम राष्ट्रपति जर्ज वासिङ्टन निकै सचेत थिए । उनलाई विश्वभर समयको महत्व बुझ्ने नेताको उदाहरणका रूपमा लिइन्छ । समय अमूल्य छ भन्ने राम्रो सुझ थियो, उनलाई । त्यसैले उनी सदैव आफ्नो एक–एक पलको सदुपयोग गर्थे ।

समयको एउटा सानो अंश पनि खेर जान दिँदैनथे । उनले समय खेर फालेको वा समयको सही उपयोग नगरेको कुनै उदाहरण पाइँदैन । उनी जे गर्थे, समयमै गर्थे । तोकिएको समयको एक पल पनि खेर जान नदिने उनको नियम नै थियो । एकपटक उनले आफ्ना केही साथीलाई दिवा भोजनका लागि आफ्नो घरमा निमन्त्रणा गरे ।

पाहुनाका लागि खाना खाने समय दिनको १ बजेलाई तोकिएको थियो । संयोगवश पाहुनाहरू त्यो समयमा आइपुग्न सकेनन् । तोकिएको समयसम्म त उनले धैर्यपूर्वक पाहुनाको प्रतीक्षा गरे । तर, जब तोकिएको समय गुज्रियो, उनले पाहुनालाई नकुरी खाना खान सुरू गरे ।

उनले खान थालेको केही मिनेटपछि नै आमन्त्रित पाहुना आइपुगे । यो देख्दा त्यहाँ खाना खान बोलाइएका पाहुनालाई नराम्रो लाग्यो । उनीहरूले केही नभने पनि वासिङ्टनले उनीहरूको मनको भाव बुझे । त्यसैले उनले भने, 'मलाई क्षमा गर्नुस् मित्रहरू ! खाना टेबलमा लगाउनुअगाडि मेरो भान्छेले खाने मान्छे आइपुगे कि पुगेनन् भनेर कहिल्यै सोध्दैन । उसले केवल यो सोध्छ कि समय भयो या भएन ? त्यसैले मैले आज पनि उसलाई ढाँट्न र रोक्न सकिनँ ।' वासिङ्टनको यस्तो भनाइ सुनेर आमन्त्रित पाहुना लज्जित भए र आफूहरू ढिलो भएकोमा क्षमा मागे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला। अस्वस्थताले काममा जुट्न नसकिएला। आशा देखाउनेहरूबाट उचित सहयोग प्राप्त नहुन सक्छ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। काममा दोहोर्याएर प्रयत्न गर्दा मेहनतको फल प्राप्त हुनेछ। फाइदा नहुने काममा जुट्नुपरे पनि सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ।

### वृष

आफ्ना सूचना बाहिरिनाले समस्या पर्न सक्छ। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला। पहिले बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्दा फाइदा उठाउन सकिनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ।

### मिथुन

प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ । दिन मनोरञ्जनपूर्ण रहनेछ । सोख पूरा हुनेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ। नयाँ ज्ञानले अध्ययनमा उत्साह जगाउनेछ । व्यवसायका लागि यात्रा सम्भावना छ । सुमधुर दाम्पत्यले प्रफुल्लित भइनेछ। प्रेम र मित्रताको बन्धन कसिने समय छ । आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । मुद्दा मामिलाका समस्या आइपर्नेछन् । स्वास्थ्यमा केही गडबडी हुनेछ ।

### कर्कट

रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। नयाँ योजना शुभारम्भ गर्ने समय छ। यात्राको साइत जुर्न सक्छ।

### सिंह

समयतालिका नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । अध्ययनमा कमजोरी अनुभूति हुनेछ भने अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । परिस्थितिवश आँटेको काम रोकिन सक्छ। नयाँ काम प्रारम्भ गर्न समय प्रतीक्षा गर्नुहोला ।

### कन्या

समयमा आलस्य गर्दा दुःख पाइनेछ। बेसुरमा बोल्ने बानीले काम बिग्रने अवस्था आउन सक्छ । साझेदारीमा समस्या आउनुका साथै पहिलेको सम्झौता भंग हुने देखिन्छ । अरूको फाइदाका लागि उपयोग भइएला । पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ। अरूको सुझावमा भर नपर्नुहोला । प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ ।

### तुला

नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ। उद्योग र व्यापारमा फाइदा हुनेछ। चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ । पछिसम्म फाइदा हुने कामको जग बसाउने अवसर प्राप्त हुनेछ । मेहनतले अवसर दिलाउनेछ। कर्मको उचित प्रतिफल पाइने हुँदा राम्रै धन आर्जन हुनेछ । अग्रजहरूको मार्गदर्शन लाभदायक रहनेछ ।

### वृश्चिक

आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला। बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । स्थायी सम्पत्तिमा विवाद आउन सक्छ। मेहनत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ । इर्ष्या गर्नेहरूले पनि सताउनेछन् । पहिलेकै काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । अध्ययनमा समय दिन नसकिएला । मनमा चिन्ता बढ्नेछ । सोचेको काम नहुन सक्छ ।

### धनु

पछिका लागि सम्भावना देखिए पनि तत्काल न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ने समय छ । सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान् । स्वास्थ्य कमजोर बन्नाले काममा अग्रसर बन्न नसकिएला । परिबन्धले समस्या निम्त्याउन सक्छ ।

### मकर

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला। समय दिन नसक्दा काम बिग्रन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुनेछन् । धेरै लगानीपछि कममात्र फाइदा हुनेछ ।

### कुम्भ

मेहनत गर्दा नयाँ काम फेला पर्नेछ । कृषि, पशुपालनमा आदिमा फाइदा हुने समय छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चल-अचल धनको उपयोगबाट फाइदा उठाउन सकिनेछ ।

### मीन

प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । तर पहिलेका कमजोरी बाहिर आउनाले काममा समस्या पर्न सक्छ । तापनि विभिन्न अवसरले पछ्याउनेछन्, गोपनीयतामा ध्यान पुर्याउनुहोला । मिहिनेत गर्दा भविष्यका लागि जग बसाउने मौका छ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । नोकरी तथा व्यवसायमा सामान्य फाइदा हुनेछ । प्रेमको प्रस्ताव आउन सक्छ । सोचेको काम पूरा हुँदै जानेछन् । भाग्य बलियो छ ।

# भारतमा थोक महँगी दर सुस्तायो

काठमाडौं । भारतमा थोक महँगी दर सुस्ताउने क्रमले फेब्रुअरीमा पनि निरन्तरता पाएको छ । वाणिज्य मन्त्रालयले मंगलवार सार्वजनिक गरेको प्रारम्भिक तथ्यांकले यस्तो देखाएको हो । तथ्यांकअनुसार जनवरीमा ४ दशमलव ७३ प्रतिशत रहेको थोक मूल्यमा आधारित सूचकांक (डब्ल्यूपीआई) फेब्रुअरीमा घटेर ३ दशमलव ८५ प्रतिशतमा ओर्लिएको छ ।

डब्ल्यूपीआई सूचकमा आएको मासिक कमीको दर पनि अघिल्लो महीनाको भन्दा धेरै छ । जनवरीमा अघिल्लो महीनाको तुलनामा कमी शून्य दशमलव १३ प्रतिशत थियो भने फेब्रअुरीमा यो दर शून्य दशमलव २० प्रतिशतले घटेको छ । पछिल्लो कमीसँगै डब्ल्यूपीआई २५ महीनायताकै न्यून स्तरमा ओर्लिएको छ ।

गएको महीना डब्ल्यूपीआई दर खासगरी कच्चा तेल र प्राकृतिक ग्यास, गैरखाद्य वस्तु, खाद्य वस्तु, खनिज, कम्प्युटर, इलेक्टोनिक्स र अप्टिकल प्रडक्ट, केमिकल र केमिकल प्रडक्ट, इलेक्ट्रिकल उपकरण र सवारी साधन आदिको भाउमा आएको कमीका कारण घटेको हो ।

थोक मूल्यमा आएको कमीले कम्पनीहरूको कमाइमा परेको चाप पनि कम गर्न सक्ने देखिएको छ । यसले थोक महँगी पनि घटाउनेछ । कच्चा पेट्रोलियम र प्राकृतिक ग्यासको थोक महँगी अघिल्लो महीनाको २३ दशमलव ७९ प्रतिशतले घटेर १४ दशमलव ४७ प्रतिशतमा झरेको छ ।

गएको वर्ष मेमा भारतको डब्ल्यूपीआई १९९१ को सेप्टेम्बरयताकै उच्च विन्दु १५ दशमलव ८८ प्रतिशतमा उक्लिएको थियो । जनवरीमा डब्ल्यूपीआई २४ महीनाकै न्यून स्तरमा थियो । भारतमा महँगी मापन गर्न दुई ओटा सूचक प्रयोग गरिन्छ ।

एउटा डब्ल्यूपीआई हो भने अर्कोचाहिँ उपभोक्ता मूल्य सूचक (सीपीआई) हो । डब्ल्यूपीआईमा उत्पादनको स्तर, कम्पनीहरूबीच हुने वस्तु विनिमयमा मूल्य हेरिन्छ । सीपीआईमा भने खुद्रा उपभोक्ता स्तरमा मूल्य हेरिन्छ ।

भारतमा थोक महँगीदर घट्दा त्यसको प्रभाव नेपालमा पनि पर्छ । नेपालले अधिकांस वस्तु भारतबाटै आयात गर्ने भएकाले नेपालमा आउने सामान सस्तो हुनेछन् । त्यसकारण भारतमा थोक महँगीदर घट्दा नेपालमा पनि महँगी घटाउन सहयोग पुग्ने विश्वास गरिन्छ । -एजेन्सी

# नेपाल १६ औं स्थानमा

खेलकुद



काठमाडौं । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल आईसीसीको एकदिवसीय वरीयता (ओडीआई) मा नेपाल १६औँ स्थानमा पुगेको छ ।

नेपालले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल आईसीसीको एकदिवसीय वरीयता उल्लेख्य सुधार गरको हो । आईसीसी विश्वकप क्रिकेट लिग-२ मा पछिल्लो समय उत्कृष्ट प्रदर्शन गर्दै ओडीआई वरीयतामा नेपाल १६औँ स्थानमा पुगेको हो ।

लिग- २ मा लामो समय खराब प्रदर्शन गरेको नेपालले पछिल्लो एक महिनामा जादुमय खेल देखाएको छ। लिगका पछिल्ला ११ खेलमध्ये १० खेल जितेको नेपालले विभिन्न कीर्तिमान पनि बनाएको छ ।

लिग २ का ३५ खेलमा ३८ अंक जोड्दै नेपाल चौथो स्थानमा पुगेको छ । अब बिहीबार (भोलि) हुने युएईसँगको खेलमा जित निकाले नेपालले सोझै एकदिवसीय विश्वकप छनोट खेल खेल्न पाउनेछ ।

ओडीआईको नयाँ वरीयताअनुसार नेपालले १ हजार १६७ अंक पाएको छ । नयाँ ओडीआई वरीयतामा ५ हजार १० अंकसहित भारत शीर्ष स्थानमा रहेको छ । अस्ट्रेलिया र न्युजिल्यान्ड क्रमशः दोस्रो र तेस्रो स्थानमा छन् ।

घरेलु मैदानमा सक्टल्यान्ड र नामिबियासँग खेल्नुअघि नेपाल १९औँ स्थानमा थियो । त्यसपछिका ११ मध्ये एक बाहेक सबै खेल जितेर नेपाल १६औँ स्थानमा पुगेको हो ।

यससँगै नेपालले एकदिवसीय वरीयतामा नामिबिया, युएई, अमेरिका र पपुवान्युगिनीलाई पछि पारेको छ । आज पिएनजी र युएईको खेल राजधानी काठमाडौंमा जारी छ ।

# अस्ट्रेलियामा छक्का पञ्जा ४ हाउसफूल




काठमाडौं । दीपकराज गिरीसहित दीपाश्री निरौला र केदार घिमिरे समूहको चलचित्र 'छक्का पञ्जा ४' ले नेपालमा मात्र नभइ अस्ट्रेलियाको नेपाली सिनेमाको बजार पनि तताएको छ।

अष्ट्रेलियाको सिड्नीमा मात्र दश शो गरिसकेको यो चलचित्रले अन्य राज्यमा थप २० शो हाउसफुल भएको छ । सिड्नीको बैंकसटाउनस्थित होय्टस सिनेमामा हाउसफुल १० शो सकेपछि यसका बितरकहरू थप हौसिएका छन् । हेमराज बिसीले निर्देशन गरेको यो चलचित्र राजनीतिलाई पृष्ठभूमि बनाएर तयार पारिएको छ। यसको पटकथा तथा संवाद अभिनेता गिरीले तयार पारेका हुन् ।

विश्व अधिकार उपभोक्ता दिवस भव्य रूपमा मनाऔं

स्वच्छ ऊर्जामार्फत उपभोक्ता सशक्तीकरण नाराका साथ विश्व उपभोक्ता अधिकार दिवस मनाऔं । उपभोक्ताको स्वच्छ र गुणस्तरीय वस्तु वा सेवा उपभोग अधिकारको सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Luminous = चहकिलो Sun is a luminous body सूर्य एक चहकिलो पिण्ड हो ।

Lucrative = आर्थिक रुपबाट फाइदाजनक For finding a lucrative job, you have to train yourself in depth in E-commerce धेरै तलब भएको काम पाउन तिमीले इकमर्शमा आफूलाई प्रशिक्षित गर्नु पर्दछ ।

Mutilate = अंगभंग गरिदिनु Napoleonic invasion mutilated the map of Europe नेपोलियनको विजयले पुरै युरोपको राजनीतिक नक्सालाई बिगारिदिएको थियो ।

Noncommittal = अप्रतिबद्ध His noncommittal reply annoyed all of us उसको गैरजिम्मेवार जवाफले हामी सबैलाई झोक चलाइदियो ।

Nonchalance = बेमतलव, थाहा पाएको नपाएझैं गरी बस्ने She always tries to defeat her rivals with apparent nonchalance तिनी सधैं आफ्ना विरोधीहरूलाई विना प्रतिकृया हराउने कोसिस गर्दछिन् ।

Outlandish = अनौठो नौलो He prefers always outlandish clothes ऊ सधैं नौलो किसिमको लुगा मनपराउँछ ।

Precarious = खतरापूर्ण Since the stock was overpriced, it would be precarious to purchase it शेयरको मूल्य बढ्दै गएको अवस्था त्यो किन्नु खतरापूर्ण हुन्छ ।

Quandary = छनौट As he passed the entrance examination in both the renowned universities, she was in a quandary as to which university she should attain नाम चलेको दुवै विश्वविद्यालयमा प्रवेश परीक्षा पास गरेपछि उनलाई कुनचाहिँ विश्वविद्यालयमा भर्ना हुने हो भन्ने छनौटको समस्या पर्‍यो ।

Ruse = ठगी Getting into the cinema hall without paying ia an open ruse पैसा नै नतिरी हलभित्र पस्नु खुला ठगी हो ।

Stint = सीमा तोक्नु वा आफूलाई सीमित गर्नु She stinted herself of food in order to let the children enough छोराछोरीलाई खाना प्रशस्त होस भन्नाको खातिर उनले आफ्नो खानाको परिमाणलाई सीमित पारिन ।

# Check बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Check up = बुझ्नु । पत्ता लगाउनु Check up whether you have switched off the oven बिजुलीको चुलो निभायौ कि निभाएनौ पत्ता लगाउ ।

Check up oneself = आफैंलाई जँचाउनु Check up yourself completely to know your health status आफ्नो स्वास्थ्यको अवस्था जान्नको लागि आफैंलाई पुरै जँचाउ ।

Check something = थाहा पाउनु Check your enemy's strategy if you want to be safe शत्रुको रणनीति थाहपाइराख यदि तिमी सुरक्षित हुन चाहन्छौ भने ।

Check something = रोक्नु Check the flow of the blood If you are wounded यदि तिमीलाई घाउ भएको छ भने रक्तश्राव रोक ।

Check in at = लिनु He checked in at the hotel immediate after his arrival उसले आइपुग्ने बित्तिकै होटल लिइहाल्यो ।

Check in for = सुरक्षा जाँच गर्नु They have just checked in for this flight यो उडानको लागि उनीहरूले सुरक्षा जाँच गरिसके ।

Check something in = जिम्मा लाइदिनु I have checked this luggage in to the airlines मैले यो झोलाको जिम्मा वायुसेवालाई लगाइसकें ।

Check something off = पुनरावलोकन गर्नु । दोहोर्‍याएर राम्ररी हेर्नु Check the list off whether something is missing केही कुरा छुटेको छ कि लिस्ट दोहोर्‍याएर राम्ररी हेर ।

Check out = बुझाएर बाहिर निस्कनु If you do not check out before 12 O'clock, you will be charged for the day १२ बज्नु अगाडि नै कोठाको साँचो बुझाइ बाहिर निस्केनौ भने त्यो दिनको चार्ज लाग्नेछ ।


## सुडोकु–अंक २९३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | | १ | | ५ | | ३ | |
| ३ | | ५ | | | | ९ | | ७ |
| | | | ४ | | ३ | | | |
| ६ | | | | | | | | ३ |
| | २ | | ५ | | ७ | | ६ | |
| ८ | | | | | | | | २ |
| | | | ७ | | २ | | | |
| ४ | | ६ | | | | २ | | ८ |
| | ७ | | ३ | | ८ | | ४ | |

## अंक २९२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ३ | १ | ९ | ५ | ४ | २ | ७ | ८ |
| ५ | ७ | ८ | २ | ३ | ६ | ४ | ९ | १ |
| ९ | २ | ४ | ७ | ८ | १ | ६ | ३ | ५ |
| ७ | ९ | ३ | ५ | १ | २ | ८ | ६ | ४ |
| ४ | ५ | ६ | ३ | ९ | ८ | ७ | १ | २ |
| १ | ८ | २ | ४ | ६ | ७ | ९ | ५ | ३ |
| ८ | ६ | ७ | १ | २ | ३ | ५ | ४ | ९ |
| २ | १ | ५ | ८ | ४ | ९ | ३ | ७ | ६ |
| २ | ४ | ९ | ६ | ७ | ५ | १ | २ | ८ |

# Membership Rules of the Kim Il Sung-Kim Jong Il Foundation (Tentative)



1. Persons or organizations hoping to be a member of the **Kim Il Sung-Kim Jong Il** Foundation shall submit a written application for admission after approving the Membership Rules of the Kim Il Sung-Kim Jong Il Foundation and the admission shall be decided on by the Secretariat of the Board of Directors of the Kim Il Sung-Kim Jong Il Foundation after deliberating the application.
2. The member shall try to give publicity to, expand and develop the Kim Il Sung-Kim Jong Il Foundation.
3. If he/she wants to join the Kim Il Sung-Kim Jong Il Foundation he/she shall pay a fee for admission registration.
   In case of an individual the admission registration fee shall amount to 500 € and in case of an organization it shall run to 10 000 €.
4. Members or member organizations shall be obliged to pay a membership fee.
   1) The membership fee, in case of an individual, shall be 700 € for a year and, in case of an organization, it shall be 20 000 € for a year.
   It shall be paid at any time of the year he/she likes and the payment receipt shall be issued by the Secretariat of the Kim Il Sung-Kim Jong Il Foundation.
   2) The membership fee shall be paid directly or via a bank and in case the payment is impossible for unavoidable reasons the failure of it shall be notified to the Secretariat of the Kim Il Sung-Kim Jong Il Foundation.
   3) When members or organizations fail to pay the membership fee for more than eighteen months, they shall automatically be removed from the membership list.
5. The Kim Il Sung-Kim Jong Il Foundation shall, in principle, convene a general assembly of members once every two years, and shall hold a regional general assembly or a consultative conference in various forms and methods.
6. Members shall be given appropriate preferences.
   1) Members shall receive a membership certificate issued by the Board of Directors of the Kim Il Sung-Kim Jong Il Foundation.
   2) Members who are to visit the Democratic People's Republic of Korea at the invitation of the Kim Il Sung-Kim Jong Il Foundation shall be provided with such appropriate preferences as preferential services in visa issue and in the entry and departure, and conveniences during the stay.
   3) The Board of Directors of the Kim Il Sung-Kim Jong Il Foundation shall help members and member organizations in their economic, trading and investment activities in the DPRK.

# Ordinary Woman Who Became a Deputy to City People's Assembly

In the Democratic People's Republic of Korea, ordinary working people freely take part in the elections to State power organs. They have the right to elect and to be elected,irrespective of job, property status and educational background.

As everyone knows, even the elections to the local people's assemblies, to say nothing of the elections to the Supreme People's Assembly, are held amid great expectations and interest of thecitizens.

July 19, 2015, a Sunday, witnessed elections to the People's Assembly of County, City, Province held in the country.

A candidate for the Sub-constituency No. 102 of Constituency No. 107 for the election to the Pyongyang Municipal People's Assembly was Ho Myong Gum, a driver of the Ryonmot Trolley Bus Company.



Ho Myong Gum and her husband working as drivers of the same trolley bus



Ho Myong Gum and her family living in aluxury house in the Pothong Riverside Terraced Houses District

She is an ordinary kind of woman who can be found anywhere in the country. What is extraordinary about her is the fact that she has been working as a trolley bus driver for more than 30 years since finishing secondary school. Her husbandChoe Hong Gi is working as her co-driver. They have covered about two million kilometres up to now.

The wife loves her job as she feels pride in providing traffic convenience to the citizens of the capital city. With such pride, she has driven the trolley bus from the Pyongyang Railway Station to Ryonmot-dong every day.

She says that she had a difficult period, though. It was in the late 1990s when the country was on an Arduous March due to the unprecedented sanctions and blockade by the hostile forces against her country and natural disasters that hit it for several consecutive years.Because of ashortage of electricity, trolley buses were not operating properly. But she did not abandon her job. She regarded her job as a duty assigned to her by the country. The harder the times were, the more efforts shemade to remain faithful to her duty.

In fact, it was easier said than done for a woman to work almost all year round for thirty years.But she found the worth of her life in seeing the bright faces of people who were getting on and offher trolley bus and the daily-changing streets of the city.Thepure conscience and patriotism of the woman driver who has remained faithful to her job, whether recognized or not, touched the heartstrings of all people.

Ho was nominated as a candidate to the Pyongyang Municipal People's Assembly.On the election day Kim Jong Un, President of the State Affairs, personally came to the polling station.

Having congratulated Ho Myong Gum on her nomination as a candidate, he said that if she had worked as a trolley bus driver for 30 years since her girlhood, she had remained faithful to her job for so long. Then he encouraged her to work harder as a representative of the people so that she could live up to their expectations.

After receivinga vote from the chairperson of the election committee, he voted for her. Having come out of the polling booth, he, holding her hand, asked her to do more work as befitting a representative of the people.

Such a moving story can be created only in a country of the people where the working people support their sovereignty by their devoted efforts and where the people are the masters of everything and everything serves them.

# Advanced Porcelain Technology of Korea

From olden times the Korean people have made excellent porcelains with their outstanding wisdom.

Koryo celadon, Chonghwa white porcelain and others are national legacies which show the high level of porcelain technology of the Korean nation.

The nation's porcelain technology which is associated with the wisdom, noble emotions and aesthetic feelings of its people is now developing further in keeping with the requirements of the cultural and emotional life of the Korean people.











## राष्ट्रिय गौरवका...

निर्माण सम्पन्न चालू आर्थिक वर्षमा गर्नुपर्ने समयसीम छ। यस आयोजनालाई दुई खण्डमा विभाजन गरी काम भइरहेको छ।

गैंडाकोट राम्दी मालुङ्गा सडकखण्ड र बेनी जोमसोम सडकखण्ड गरी दुई खण्डमा काम भइरहेको छ। करिडोरको समग्र भोतिक प्रगति ५६. १७ प्रतिशत भएको छ भने वित्तीय प्रगति ५४.६७ प्रतिशत भएको छ। यस आयोजनाका लागि २४ अर्ब लागत अनुमान राखिएको छ।यस आयोजनामा हालसम्म ७ अर्ब ७८ करोड खर्च भएको छ। चालू आर्थिक वर्षमा यस आयोजनाका लागि ३ अर्ब ६३ करोड रकम विनियोजन भएको छ।

आर्थिक वर्ष २०६८/६९ बाट निर्माण सुरु भएको यस आयोजनाको भौतिक प्रगति ५७ प्रतिशत प्रगति भएको छ भने वित्तीय प्रगति ४१.९२ प्रतिशत भएको छ। १६ अर्ब ४३ करोड लागत अनुमान रहेको यस आयोजनाको लागत बढेर ३६ अर्ब ८० करोड पुगेको छ। यस आयोजनाका लागि १५ अर्ब ४३ करोड रकम खर्च भएको छ। चालु आर्थिक वर्षमा ३ अर्ब ७ करोड रकम विनियोजन भएको छ।

## एसएसबीको...

साढे ५ बजेतिर साहलाई एसएसबीले कुटपिट गरेको स्थानीयको भनाइ छ। नेपाल तर्फको बाटो खराब भएकाले दशगजा क्षेत्रका नेपालीहरू भारतीय सडक हुँदै आउ-जाउ गरिरहन्छन्। सीमा क्षेत्रमा एसएसबीले पटक-पटक दुःख दिने गरेको गुनासो स्थानीयको छ।

एसएसबीका जवानले बुधबार साहलाई दुर्व्यवहार र कुटपिट गरेको भन्दै सीमा क्षेत्रका नेपालीहरूले सम्सी नाकामा साँझ विरोध प्रदर्शन गरेका हुन्। सशस्त्र प्रहरी गणका अधिकृतले यो विषयमा दुवै पक्ष बसेर छलफल गर्ने बताएपछि स्थानीयले प्रदर्शन रोकेका थिए।

## कमजोर बन्दै...

सरकार बनाउने भारतीय खेल सुरु भयो जुन अहिले पनि जारी नै छ। पुस १० गतेको सत्ता समीकरण भारतकै बलबुतामा भत्किएको राजनीतिक विश्लेषकहरूको बुझाइ छ। संघीयताका आधार स्तम्भहरू गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक र समावेशिता विस्तारै धरापमा पर्दै गइरहेका छन्। राजसंस्था र हिन्दू राष्ट्रको नारा सडकमा लाग्न थालिसकेको छ। यी दुई विषयमा जनमत संग्रह गरिनुपर्ने माग जनस्तरबाट उठ्न थालेको छ। संघीयता नेपाली जनताको चाहना नभएकाले त्यसको खारेजी गरिनुपर्ने जनआवाजले भारतपरस्त दल र तिनका नेताहरू झस्किन थालेका छन्। अनुदान र ऋण लिएर संघीयता घिस्रिंदै छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक अनुसार करिब २० खर्ब ८ अर्ब विदेशी ऋण पुगेको छ। प्रत्येक नेपाली जन्मँदै ७० हजार ऋण भार बोक्न विवश छन्।

प्रदेश संरचना मात्र खारेज गरिने हो भने पनि देशले आर्थिक लय समाउने अर्थविदहरूले बताइरहेका छन्। रेमिट्यान्सले अर्थतन्त्र धानिरहेको छ। वैदेशिक व्यापारघाटा भयावह छ। निर्यातजन्य वस्तुहरूको उत्पादन प्रायः ठप्प छ। बजार अनियन्त्रित छ। महँगीले सुरसा मुख बनाइरहेको छ। युवा जनशक्तिको विदेश पलायनले देश वृद्धाश्रम बन्दै जाँदैछ। कुनै पनि राजनीतिक दल र तिनको नेतृत्वसँग देश बनाउने भिजन देखिँदैन। सत्ता लिप्सामा निर्लिप्त दलीय नेतृत्वका कारण नेपाल असफल राष्ट्र बन्ने जोखिमको बाटोमा गइरहेको छ। अर्थतन्त्रका कुनै पनि सूचकांकहरू सन्तोषजनक नहुनुले देश आर्थिक रुपले टाट पल्टिने सम्भावना बलशाली बन्दै गएको छ। श्रीलंका र पाकिस्तानको नियति नेपालले भोग्ने हो कि भन्ने आशंकाले सर्वत्र घर गर्न थालेको छ।

नेपालको भूराजनीतिक अवस्थितिप्रति शक्तिराष्ट्रहरूको चासो पनि झनै बढ्दैछ। चीन, भारत मात्र होइन, महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाले समेत नेपालमा आफ्नो गतिविधि बढाउन थालेको छ। एमसीसीमार्फत चीनको निगरानी गर्ने स्थान अमेरिकाले नेपाललाई बनाइसकेको छ। स्टेट पार्टनरसिप प्रोग्राम लिएर अमेरिकाले नेपालमा सैन्य गतिविधि गर्न खोजिरहेको छ। चिनियाँ महत्वाकांक्षी परियोजना बीआरआई अघि बढ्न नदिन अमेरिका र भारत अघोषित सहकार्यमा छन्। चीनको स्वशासित क्षेत्र तिब्बतलाई विखण्डन गराउने अमेरिकी रणनीतिको केन्द्रीय स्थान नेपाल बनेको छ। असंलग्न परराष्ट्र नीति विपरीत सरकारले देशलाई अमेरिकी सुरक्षा छाताभित्र उभ्याइसकेको छ। राजा वीरेन्द्रले ल्याएको शान्तिक्षेत्रको प्रस्तावलाई पुनर्जीवित गराएर विश्व राजनीतिक मन्चमा नेपाल अब पनि नउभिने हो भने देशको अस्तित्व नै संकटमा पर्न सक्ने कूटनीतिका जानकारहरू बताउँछन्। इन्डो–अमेरिकी धुरीमा नेपाल सामेल हुनुले कतै नेपालले युक्रेनको नियति भोग्ने हो कि भन्ने सन्त्रास त्यत्तिकै बढिरहेको छ।

बढ्दो भ्रष्टाचारले विश्वजगतमा नेपालको छवि धूमिल बन्दै गएको छ। सुशासनको पाठ पढाउने दलीय नेतृत्व आफ्नै सेवा सुविधा वृद्धिमा मात्रै अर्जुनदृष्टि लगाइरहेको छ। जनजीविकाको सवालमा समेत सरकारले कुनै काम गर्न सकेको छैन। गणतन्त्रमा सबै थोक हुन्छ भन्ने भ्रमबाट अब जनता मुक्त भइसकेका छन्। एउटा महाराजाका स्थानमा हजारौं महाराजाहरू पाल्न जनता अभिशप्त छन्। मुलुकमा अहिले आँधीअघिको सन्नाटा छाइरहेको छ। फौजदारी अभियोगमा मुछिएका व्यक्तिलाई नेपाली जनताले प्रधानमन्त्री मान्नु परिरहेको छ। माओवादीहरू न्यायालय र मानव अधिकार आयोगलाई धम्क्याइरहेका छन्। फेरि अर्को संघर्षको ध्वांस दिइरहेका छन्। संघर्ष त समृद्धिका लागि, जनताको जीवनस्तर उकास्नका लागि र देशलाई विश्व विरासतमा उभ्याउनका लागि सबैले गर्नुपर्ने हो।

## नयाँ...

(डिआइजी)मा बढुवा हुँदा उतिबेलाको वरीयता 'सेकेन्ड लास्ट'का कुँवर पहिलोमा उक्लिएका थिए। बढुवा भएका १७ जना डिआइजी मध्ये सातौं नम्बरमा पुगेका थिए, उतिबेलाका एक नम्बर भण्डारी। कुँवर एआइजी बढुवामा पनि एक नम्बरमै परे।

यो बढुवा प्रक्ररणमा धेरैले 'वसन्त कुँवरको छलाङ' भनेका छन्। यसको प्रमुख कारण हो, 'दाजु फ्याक्टर'। 'दाजु फ्याक्टर' अर्थात् एकाएक एक नम्बरमा उक्लिएका कुँवर लुम्बिनी प्रदेशका प्रदेश प्रमुख तथा पूर्वमहान्यायाधिवक्ता बाबुराम कुँवरका सहोदर भाइ हुन्, वसन्त। बाबुराम कुँवर सुशील कोइराला प्रधानमन्त्री हुँदा महान्यायाधिवक्ता बनेका थिए। उनी कांग्रेसनिकट कानुन व्यवसायीको छाता संगठन डेमोक्रेटिल लयर्स एसोसिएसनका पूर्वअध्यक्षसमेत हुन्।

कांग्रेसले भावी आइजिपीको रूपमा कुँवरलाई तयार पारेको यसअघि नै चर्चा भएको थियो। तर उनको विगत भने विवादमुक्त छैन। सन् २०११ मा हिरासतमा रहेका बन्दीलाई यातना दिएको आरोपमा उनलाई संयुक्त राष्ट्रसंघले लाइबेरिया मिसनबाट फिर्ता पठाएको थियो। उनी बालाजु बृत्तको डिएसपी हुँदा पक्राउ गरी ल्याएका एक व्यक्तिलाई आफैँले यातना दिएको आरोप लागेको थियो। उनले हिरासतमा राखिएका ती व्यक्तिलाई १५/२० दिनसम्म कुटेर यातना दिएको विषय निकै विवादमा परेको थियो। बालाजुको डिएसपी भएलगत्तै उनी शान्ति मिसनमा लाइबेरिया गएका थिए। तीन महिनामै मिसनबाट मानवअधिकार हननको चार्जमा फर्काइएका थिए।

यसैगरी आर्थिक मामिलामा उनी त्यति धेरै विवाद नआए पनि चितवनको एसपी हुँदा घरजग्गा व्यवसायी संघका अध्यक्ष बाबुराम अधिकारीको संयोजकत्वमा प्रहरी परिसरभित्रै भवन बनाउने कमिटी बनाउँदा अनियमितता गरेको आरोप छ।

एक करोड लागतमा निर्माण हुने उक्त भवन निर्माणका लागि रियल स्टेटका कारोबारी अधिकारीलाई परिचालन गरी दुई करोड बढी उठाएको आरोप छ। चितवनका ह्याचरी व्यवसायीदेखि क्रसर व्यवसायीसँग लागतभन्दा दोब्बर रकम उठाइएको चर्चा त्यतिबेलै चलेको थियो। तर, चितवनबाट कुँवर सरुवा भइसकेपछि पनि भवनको गिटी बालुवाको समेत रकम नतिरेको आरोप उनीमाथि लाग्दै आएको छ। कुँवर सरुवा भएपछि भवन निर्माणको रकम माग्न आएपछि लेखापालले प्रहरी मुख्यालयमा पत्राचार गरेर हेडक्वार्टरबाट बजेट निकासा गरेर भुक्तानी गरिएको थियो। लागतभन्दा दोब्बर रकम उठाएर हिनामिना गरेको विषयको जवाफ पनि उनले दिएका छैनन्।

यसअघि डिआइजी अशोक सिंह भावी आइजिपीका लागि बलियो दाबेदार मानिएको थियो। स्रोतका अनुसार सिंहलाई बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'की स्वकीय सचिव तथा छोरी गंगा दाहाल र ज्वाइँ जीवन आचार्य लागेका थिए। तर प्रधानमन्त्री दाहालका अर्की छोरी भरतपुर महानगरपालिकाकी मेयर रेणु दाहाल भने दीपक थापाको पक्षमा उभिएपछि थापा अहिले माओवादी खेमाबाट सर्वसम्मत भएका छन्। रेणु पहिलोपटक मेयर उठ्दा थापा चितवनका प्रहरी प्रमुख एसएसपी थिए। मतपत्र च्यातिएको प्रकरणमा उनै थापाले सहयोग गरेर रेणुलाई गुण लगाएका थिए। त्यही गुणका कारण रेणु थापाको पक्षमा उभिएकी छिन्।

स्रोतका अनुसार बहिनी गंगाले अशोक सिंहलाई बनाउने प्रस्ताव राख्दा रेणुले प्रतिवाद गरेकी थिइन्। भावी आइजिपीका बलिया दाबेदार मानिएका डिआइजी सिंहको नागरिकता र शैक्षिक प्रमाण पत्रमा दुईथरी जन्ममिति रहेको भन्दै ३ फागुनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि उनले राजीनामा दिए।

यो राजीनामासँगै थापाको पक्षमा दिदीबहिनीको मिलन भएको स्रोतको दाबी छ। एआइजी थापाले आफूले प्रधानमन्त्री कार्यालय र सचिवालयमा मिलाइसकेको र आफू प्रमुख हुने निश्चितजस्तै भएको आफू निकटहरूलाई बताउने गरेका छन्। प्रहरीका प्रबन्ध र आर्थिक प्रशासन महाशाखाको लामो जिम्मेवारी सम्हालेका थापा आर्थिक चलेखलमा सबैभन्दा सिपालु अधिकृत मानिन्छन्। उनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ०७४ यताका उजुरीको चाङ रहेको आयोग स्रोतको भनाइ छ। ०७५ मा नेपाल प्रहरीमा १८ किसिमका सामानको टेन्डर खुलेको थियो। तर, सामान गुणस्तरहीन भएको भन्दै उनीविरुद्ध उजुरी परेको थियो। ठेकेदार श्रवण अग्रवाल, टोपेन्द्र बिसी, वीरेन्द्र श्रेष्ठसँगको सेटिङमा थापाले ०७४ यता प्रहरीको सबै सामान खरिद गर्दै आएका छन्। उनकै कारण अघिल्लो वर्ष प्रहरीले जाडोमा न्यानो कपडा पाएका थिएनन्। अघिल्लो वर्षको खरिदमा पनि करोडौँ भ्रष्टाचार भएको भन्दै उनीविरुद्ध उजुरी परेको छ। उनी विरुद्धको उजुरी छानविनमा रहेको आयोग स्रोतको भनाइ छ। हाल कोसी प्रदेशका प्रमुख श्यामलाल ज्ञवाली पनि आइजीपीको तीव्र दौडधुपमा छन्। लुम्बीनी प्रदेशका सबै पार्टीका नेताहरू उनको पक्षमा रहेको बताइन्छ।

सरकारको नेतृत्व गरिरहेको नेकपा (माओवादी केन्द्र) सँग उनको पारिवारिक पृष्ठभूमि भए पनि नेताहरूसँग उनको पहुँच छैन। उनकी बहिनी मणी खम्बु 'रिवासी' माओवादीबाट पहिलो संविधानसभाका सदस्य बनेकी थिइन्। खम्बु अहिले पनि माओवादीका सक्रिय नेतृ हुन्। आइजिपी बढुवाको लागि काठमाडौंमा तीव्र दौडधुप चलिरहेको बेला राई भने आफ्नो कार्यक्षेत्र लुम्बिनीतिरै छन्। बज्राचार्य आइजिपीको प्रतिस्पर्धामा पहिलो महिला हुन्। पूजा सिंहपछि प्रहरीको एआइजीमा बढुवा हुने उनी दोस्रो महिला हुन्। उनीसँगै डिआइजीमा बढुवा भएका उनकै ब्याचीहरू मीरा चौधरी, दुर्गा सिंह र किरण राणा भने पछि परेका छन्। पहिलो महिला प्रहरी प्रमुख बनेर इतिहास रच्नका लागि वज्रचार्य पनि दौडधुपमा छिन्।

## बजेट...

सार्वजनिक गरेको चालु आवको फागुन मसान्तसम्मको राजस्व संकलन र बजेट खर्च विवरणअनुसार सरकारको आम्दानीभन्दा खर्च बढी देखिन्छ। यो अवधिमा सरकारी राजस्व संकलन वार्षिक लक्ष्यको ४२ दशमलव ७ प्रतिशत छ भने बजेट खर्च ४३ दशमलव ४४ प्रतिशत छ। चालु आर्थिक वर्षका लागि सरकारले रू १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याएको थियो। तर, लक्ष्यअनुसार राजस्व नउठेको भन्दै अर्धवार्षिक समीक्षामार्फत् बजेटको आकार १४ प्रतिशत अर्थात् रू दुई खर्ब ४४ अर्बले घटाएर रू १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ।

## वित्तीय...

दशमलब चार प्रतिशत र कर्जामा एक प्रतिशत प्रिमियम दर घटाउने निर्णय भए अनुसार ब्याजदर घटाइएको संघका अध्यक्ष सुनिल केसीले बताए। जसअनुसार बैंकहरूले कर्जामा आधारदरमा ६ प्रतिशतसम्म प्रिमियम लिने गरेकामा अब एक प्रतिशत घटेर आधार दरमा पाँच प्रतिशतसम्म प्रिमियम दर कायम भएको छ। यस्तै निक्षेपतर्फको साधारण बचतमा न्यूनतम ६ प्रतिशतदेखि अधिकतम ८ प्रतिशतसम्म ब्याज दिनेछन भने यसअघि साधारण बचतमा न्यूनतम ६ ४२ देखि अधिकतम ८४२ प्रतिशतसम्म ब्याजदर तोकिएको थियो भने मुद्दती निक्षेपको ब्याजदर भने स्थिर छ, हालसम्म बैंकहरूले मुद्दती निक्षेपमा ११ प्रतिशत ब्याज दिइरहेका छन्। संस्थागततर्फ ९ प्रतिशत र 'रेमिट्यान्स' मुद्दती खातामा १२ प्रतिशत नयाँ ब्याजदर तोकिएको छ। यसैगरी विकास बैंकहरूले मुद्दती निक्षेपको ब्याजदर शून्य दशमलव २५ प्रतिशतसम्म घटाएको छ भने एकवर्षे वा सोभन्दा माथिको व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर ११.६० प्रतिशत कायम गरेको छ।

यसैगरी, चैतमा एकवर्षे वा सोभन्दा माथिको संस्थागत मुद्दती निक्षेपमा ९.६० प्रतिशत र साधारण बचतमा न्यूनतम ६.१० प्रतिशतदेखि आठ दशमलव ६० प्रतिशत ब्याजदर दिनेछन्। उता, नेपाल वित्तीय संस्था सङ्घ (फाइनान्स) ले मुद्दती निक्षेपको ब्याज दर शून्य दशमलव २० प्रतिशतले घटाएको छ। सङ्घले तीन महिना माथिको निक्षेपको ब्याज दर शून्य दशमलव १५ प्रतिशत घटाउने निर्णय गरे अनुसार चैत १ गते देखी लागु हुने गरी ब्याजदर घटाएको हो। फाइनान्स कम्पनीहरूले एक वर्षको मुद्दती निक्षेपमा १२ दशमलव १० प्रतिशत ब्याज दिँदै आएकामा चैत १ गतेदेखि ११ दशमलव ९० प्रतिशत ब्याजदर कायम भएको छ।

## नेपालका...

सरकारबाट बक्सेको छ' भन्ने कुरा राजा महेन्द्रका सैनिक सचिव शेरबहादुर मल्लले लेख्नुभएको कागज योगीजीले बोक्नुभएको र त्यही कागजलाई अरूहरूले पनि देखेका थिए। त्यसैलाई राजदरबारबाटै कांग्रेसको विरोधमा जनतालाई विद्रोह गराउन योगीलाई पत्र दिइ पठाइएको थियो भन्ने भ्रम खडा गराएर बिपीसमक्ष पोल पुऱ्याइएको थियो। त्यसै कारण राजा र प्रधानमन्त्रीबीचमा फाटो पार्ने जालो बन्न गयो। अतः यस्ता षडयन्त्र नेपालमा राजनीतिक परिवर्तनको कारक बन्दै आएका पनि छन्। त्यही षडयन्त्रको जालो २०१७ सालको परिवर्तनभित्र पनि छ।

यहाँ योगी नरहरिनाथ को थिए र उनको नेपालमा के/कस्तो योगदान छन् भन्ने कुरा र उहाँको जन्म र देहबसानको सन्दर्भ र अन्य घटनाक्रम उल्लेख गर्न चाहन्छु। योगी नरहरिनाथको जन्म १९७१ फागुन १७ गते भएको थियो र २०५९ साल फागुन १४ गते उहाँ स्वर्गीय हुनुभएको थियो। योगी नरहरिनाथ नेपालको एक अमूल्य निधि हुनुहुन्थ्यो। योगीजीका कृति, ऐतिहासिक खोज र अनुसन्धानहरू नेपालको इतिहासका खोजपूर्ण स्रोत हुन पुगेका छन्। उनी इतिहास निर्माणका योद्धा हुन्। २००८ सालमा पृथ्वीनारायण शाहका दिव्य उपदेश प्रकाशित गर्नुभएको र त्यसैगरी इतिहास प्रकाशन सन्धिपत्र-संग्रह-सात भागसम्म, शिखरिणीयात्रा, गोर्खा वंशावली, हिमवत्खण्ड, नेपालका चौध अञ्चल आदि इत्यादि ग्रन्थहरू प्रकाशित गराएर देशका लागि ठूलो योगदान गर्नुभएको छ।

योगी एक सफल अन्वेषक मात्र नभएर एक कुशल वक्ता पनि हुनुहुन्थ्यो। घण्टौंसम्म बोल्दा पनि उहाँ थाक्नु हुन्नथ्यो। दिव्य उपदेशमा पृथ्वीनारायण शाहले उसैबेला भनेका थिए-'उप्रान्त यो राज्य दुई ढुङ्गाको तरुल जस्तो रहेछ। चीनको बादशाहसँग ठूलो घाहा (राम्रो संवन्ध) राख्नु, दषिनको समुन्द्रको वादशाहसित घाहा त राख्नु तर त्यो महाचतुर छ। देशका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनिया कंगाल गरी छाडछन्।' दिव्य उपदेशमा उल्लिखित मार्गदर्शनलाई नेपालको मूलनीति मान्न सक्नुपर्छ।

योगीजी थापाकुलमा जन्मिएर पनि विद्वान् ब्राह्मणभन्दा माथिको कहलिनुभयो भने डा. स्वामी प्रपन्नाचार्य पनि राई वंशमा जन्मिएर पनि सिद्धहस्त ब्राह्मणसरह मानिनुहुन्छ। स्वामी प्रपन्नाचार्य पनि वेदका प्रकाण्ड विद्वान् हुनुहुन्छ। उहाँले विद्यावारिधि वेदमै गर्नुभएको हो। योगीजी र इतिहासविद् नयराज पन्त, इतिहास शिरोमणि बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, धनवज्र वज्राचार्य, शंकरमान राजवंशी, नयराज पौडयाल आदि इतिहासकार र खोजकर्ताहरूसँग नरहरिनाथको छलफल हुन्थ्यो। योगीजी भन्नुहुन्थ्यो-सुनलाई कसी लगाएको जस्तै हो छलफलबाट निस्किएको निचोड। पछिका दिनमा योगीजीको स्वामी प्रपन्नाचार्यसँग संगत बढेको थियो। योगी नरहरिनाथ गाईका अत्यन्त भक्त थिए। योगीजीकोमा २०५९ सालतिर उनको कुटीमा सधैँ एउटा गाईको बाछा अंगरक्षकसरह रहने गर्थ्यो। उनी बिमार भएपछि त्यो बाछाले कहिले छोडेन। योगीजीको देहावसानपछि बाछाले आँसुका धारा चुहाइरह्यो। पछि योगीको समाधिस्थलमा दिनमा एकपटक गाईको बाछा घुम्ने गर्थ्यो। यसबाट गाईमा चेतनाको हिरण्मय शक्ति व्याप्त छ भन्न सकिन्छ।

योगीजी भन्नुहुन्थ्यो-'कैलास-मानसरोवरदेखि हिन्दमहासागरसम्म जसको राज्य र घर छ त्यो हिन्दु हो।' विश्व विकासको जगज्येष्ठ हिमालय हो। मानव ज्येष्ठ हाम्रो दर्शन ज्येष्ठ हो। मनु यहीँ जन्मेका, वेद यही जन्मेका, उपनिषद् तराईमा बनेका हुन्। हाम्रा पुर्खा कतैबाट आएका भनिन्छ, हाम्रो मूल थलो यही हिमवत्खण्ड नेपाल हो। नेपाल नै सभ्यताको मूल थलो हो। मानव सभ्यताको थलो हिमालयको फेद हो। हामीले हाम्रो राष्ट्रियतालाई गौरव सम्झनुपर्छ। हामी यहीँका रेथाने हौं, भगुवा होइनौं। हाम्रो देशलाई हामीले नै समृद्ध बनाउन सक्नुपर्छ। विदेशी सहायताले हामीलाई बिगार्छ। काम गर्दा सानो हुन्छु भन्ने भावना राख्नुहुन्न।'

२००८ सालमा पृथ्वीनारायण शाहका दिव्य उपदेश प्रकाशित गर्नुभएको र त्यसैगरी इतिहास प्रकाशन सन्धिपत्र-संग्रह-सात भागसम्म, शिखरिणीयात्रा, गोर्खा वंशावली, हिमवत्खण्ड, नेपालका चौध अञ्चल आदि इत्यादि ग्रन्थ प्रकाशित गराएर देशका लागि ठूलो योगदान गर्नुभएको छ। योगी एक सफल अन्वेषक मात्र नभएर एक कुशल वक्ता पनि हुनुहुन्थ्यो। दिव्य उपदेश नेपालीका लागि मार्गदर्शन बन्न पुगेको छ। पृथ्वीनारायण शाहले भ्रष्टचारीका विषयमा भनेको थिए-नियानिसाफ बिगार्न्या भनेको घुस दिन्या र खान्या हुन् यी दुईको ता धन जीव (राष्ट्रियकरण) गरिलियाको पनि पाप लाग्दैन।

## किन रद्ध...

घटनाले भारत रुष्ट भएपछि प्रचण्डले पहिलो आफ्नो औपचारिक भ्रमण भारतबाटै सुरु हुने बताएका थिए तर उनी भारत भ्रमणमा गएका थिए। प्रधानमन्त्री नजाने भएपछि बोआओ फोरममा सहभागी हुन चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ बेइजिङबाटै हेनान जाने परराष्ट्र स्रोतले जनाएको छ। बोआओ नगए पनि भारतको औपचारिक भ्रमणलगत्तै दाहालले चीनको मैत्रीपूर्ण भ्रमण गर्ने गृहकार्य भने गरिरहेका छन्।

दाहालले प्रधानमन्त्री भएलगत्तै गत पुस १२ मा एक भारतीय टेलिभिजनलाई अन्तर्वार्ता दिँदै आफ्नो पहिलो विदेश भ्रमण भारतबाटै हुने बताएका थिए। उनलाई प्रधानमन्त्री भएलगत्तै भारतबाट अनौपचारिक रूपमा भ्रमणको निम्तो आए पनि हालसम्म लिखित निमन्त्रणा नआएको परराष्ट्र स्रोतले बताएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सन् २०१४ को नेपाल भ्रमणका क्रममा भएको सम्झौताको ३१ औं बुँदामा भनिएको थियो, 'नेपाली पक्षले जनकपुर, भैरहवा र नेपालगन्जमा तीन वटा थप हवाई प्रवेश बिन्दु र क्षेत्रीय विमानस्थलहरू पोखरा-भैरहवा र लखनउबीचको सिधा उडान सुविधाका लागि सीमापार सिधा रुटहरू खोल्न भारतलाई अनुरोध गरेको छ। यसले हवाई यात्रुको समय र लागत बचत गर्नेछ। दुवै प्रधानमन्त्रीले सम्बन्धित निकायलाई ६ महिनाभित्र बैठक गरी यो र हवाई सेवा सम्झौतासँग सम्बन्धित समस्या समाधान गर्न निर्देशन दिएका छन्।'

सम्झौता कार्यान्वयन हुन नसक्दा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा जहाज अवतरण गर्न नेपाल पस्ने जहाजले अतिरिक्त २२ मिनेट उड्नुपर्छ। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०७८ चैत १८-२० मा भएको भारत भ्रमण दौरान भएको द्विपक्षीय छलफलमा पनि प्रधानमन्त्री नरेन्द्र मोदीसँग हवाई रुटका बारेमा कुरा उठाएका थिए। त्यसलगत्तै जेठ २ मा बुद्ध जयन्तीको दिन भारतीय प्रधानमन्त्री मोदीले गरेको लुम्बिनी भ्रमणमा पनि देउवाले द्विपक्षीय छलफलमा हवाई रुटको विषय निकालेका थिए। त्यस बेला परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको थियो, 'प्रधानमन्त्री देउवाले महेन्द्रनगर, नेपालगन्ज र जनकपुरबाट हवाई प्रवेश मार्गका लागि अनुरोध गरे।'

सन् २००१ मा बोआओ फोरमको पहिलो संस्करणमा तत्कालीन राजा वीरेन्द्रले चिनियाँ राष्ट्रपतिको निम्तो पाएका थिए। सन् २०१५ मा तत्कालीन राष्ट्रपति रामवरण यादव सहभागी भए भने सन् २०१६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली गएका थिए। सन् २०१७ मा दोस्रो पटक प्रधानमन्त्री हुँदा दाहालले सहभागी जनाएका थिए। तर, सन् २०१८ को बोआओ फोरमको निम्तो पाए पनि उत्तर-दक्षिणको निम्तो एकैसाथ जुधेपछि तत्कालीन प्रधानमन्त्री ओली भारत भ्रमणमा गएका थिए। त्यसपछि बोआओ फोरममा चीनबाट माथिल्लो स्तरमा यस पटक निम्तो आएको थियो। तर, प्रधानमन्त्री दाहालले सहभागिता नजनाउने भएका छन्।

चीनले बोआओ फोरम फर एसियाको सन् २००१ मा स्थापना गरेको हो। चीनले सन् १९९८ को आर्थिक संकटपछि एसियाली मुलुकहरूबीचमा एकीकृत आर्थिक शैली अपनाउने भन्दै उक्त फोरमलाई अघि सारेको हो। पहिलो फोरममा नेपालसहित विभिन्न २६ मुलुकका नेताहरूले सहभागिता जनाएका थिए।

## राजस्व...

४४ प्रतिशत मात्र छ। चालू आवका लागि सरकारले कुल १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको थियो। तर, यसअघि पनि लक्ष्यअनुसार राजस्व नउठेको भन्दै अर्धवार्षिक समीक्षामार्फत सरकारले चालू आवका लागि विनियोजित बजेटको आकार १४ प्रतिशत (२ खर्ब ४४ अर्ब रुपैयाँ)ले घटाएर कुल १५ खर्ब ४९ अर्ब ९९ करोड रुपैयाँमा झारेको छ।

चालू आव सुरु हुनेबेलामा विनियोजित बजेटको तुलनामा बितेका आठ महिनाको बजेट खर्च ४३ दशमलब ४४ प्रतिशत मात्रै छ। गत फागुन मसान्तसम्म सरकारले कुल ७ खर्ब ७९ अर्ब २३ करोड रुपैयाँ बजेट खर्च गरेको महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ। सो अवधिमा सरकारको चालू खर्च ५१ दशमलव ४६, पुँजीगत खर्च २२ दशमलव १५ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च ३७ दशमलव ४१ प्रतिशत रहेको छ। चालूगत शीर्षकमा ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख रुपैयाँबराबर वार्षिक विनियोजन रहेकोमा हालसम्म ६ खर्ब ८ अर्ब ८४ करोड ४५ लाख रुपैयाँ देखिएको छ।

त्यस्तै पुँजीगत शीर्षकमा ३ खर्ब ८० अर्ब ३८ करोड ४५ लाख रुपैयाँ वार्षिक विनियोजन रहेकोमा अहिलेसम्म २२ दशमलव १५ प्रतिशत (८४ अर्ब २५ करोड ६० लाख रुपैयाँ) मात्र खर्च भएको देखिएको छ। वित्तीय व्यवस्थातर्फ २ खर्ब ३० अर्ब २१ करोड ७७ लाख रुपैयाँ वार्षिक बजेट विनियोजन भएकोमा फागुन मसान्तसम्म ८६ अर्ब १२ करोड ९६ लाख रुपैयाँ खर्च भएको छ। महालेखा नियन्त्रकको तथ्यांक हेर्दा आठ महिना अवधिमा पुँजीगत खर्चभन्दा वित्तीय व्यवस्थातर्फको खर्च बढी देखिएको छ।

फागुन मसान्तसम्ममा सरकारी राजस्व संकलन वार्षिक लक्ष्यको ४२ दशमलव ७ प्रतिशतबराबर मात्र छ। चालू आर्थिक वर्षका लागि सरकारले १४ खर्ब ५८ अर्ब ६० करोड ५३ लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेकोमा हालसम्म ६ खर्ब २२ अर्ब ७८ करोड १४ लाख रुपैयाँ मात्र संकलन भएको छ। जसमध्ये आन्तरिक राजस्व संकलन ४१ दशमलव ५३ प्रतिशत (५ खर्ब ८२ अर्ब ७७ लाख १५ हजार रुपैयाँ) रहेको छ। चालू आवका लागि कुल ५५ अर्ब ४५ करोड ८३ लाख रुपैयाँ वैदेशिक सहायता लिने सरकारको लक्ष्य रहेकोमा हालसम्म ८ दशमलव ६६ प्रतिशत (४ अर्ब ८० करोड २० लाख रुपैयाँ)बराबर मात्र वैदेशिक सहायता भित्रिएको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ।

गत वर्षको सोही अवधिको तुलनामा आयकर संकलन ३ प्रतिशतले न्यून देखिएको छ। गत वर्ष फागुन मसान्तसम्ममा विभागले ७० अर्ब ७५ करोड ८४ लाख रुपैयाँबराबर भ्याट उठाएको थियो। त्यस्तै, अन्तःशुल्क गत वर्षको तुलनामा केही बढेको देखिए पनि यसवर्षको लक्ष्यअनुसार उठेको देखिँदैन। विभागका अनुसार फागुन मसान्तसम्म ७६ अर्ब ८२ करोड ४० लाख रुपैयाँ अन्तःशुल्क लक्ष्य लिइएकोमा ८४.३६ प्रतिशत अर्थात् ६४ अर्ब ८१ करोड ६ लाख रुपैयाँ संकलन भएको छ।

गत वर्ष फागुनसम्मको तुलनामा यस वर्षको सोही अवधिमा अन्तःशुल्क ४ प्रतिशतले बढेको छ। दोस्रो चौमासिक अवधिमा घरबहाल करतर्फ ७८ दशमलव ८१ प्रतिशत संकलन भएको थियो। फागुन मसान्तसम्मका लागि २ अर्ब १४ करोड ८८ लाख रुपैयाँबराबर घरवहाल कर उठाउने लक्ष्य राखिएकोमा १ अर्ब ६९ करोड ३५ लाख रुपैयाँ मात्र उठेको छ। गत वर्षको यही अवधिको तुलनामा घरवहाल कर १० प्रतिशत बिन्दुले घटेको छ। गत वर्ष १ अर्ब ८७ करोड २७ लाख रुपैयाँबराबर उठेको थियो।

स्वास्थ्य सेवा कर असुली लक्ष्यको ९७ दशमलव ११ प्रतिशत मात्रै देखिन्छ। विभागले फागुन मसान्तसम्ममा ४ अर्ब ८५ करोड रुपैयाँ स्वास्थ्य कर उठाउने लक्ष्य राखेकोमा ४ अर्ब ७१ करोड रुपैयाँबराबर मात्रै संकलन भएको देखिएको हो। सोही अवधिमा शिक्षा कर भने लक्ष्यभन्दा बढी उठेको छ। सो अवधिमा १ अर्ब ४२ लाख रुपैयाँ शिक्षा कर उठाउने लक्ष्य राखिएकोमा १ अर्ब ६ करोड ४० लाख रुपैयाँ उठेको छ। यस अवधिमा आयात १८ प्रतिशतले घट्दा राजस्व संकलन २५ प्रतिशतले घटेको भन्सार विभागले जनाएको छ।

## स्ववियु...

छन् भने स्ववियु कार्यालय र क्याम्पस प्रशासन कार्यालयमा तालाबन्दी पनि गरेको छ। मध्यपश्चिम विश्वविद्यालय सुर्खेतमा भने स्ववियु निर्वाचन स्थगित भएको छ।

स्ववियुमा उम्मेदवार बनेका विद्यार्थी नेताहरू प्रचारप्रसारमा जुटेका छन्। उनीहरू मतदातालाई प्रभावित पार्न विभिन्न नारा र प्रतिबद्धता व्यक्त गरिरहेका छन्। क्याम्पसमा देखिएका समस्यादेखि विद्यार्थीका समस्या समधान गर्ने अधिकांशमा प्रतिबद्धता छन्। स्ववियु निर्वाचन चैत ५ गते हुँदै छ। २७ फागुनमा उम्मेदवार मनोनयन गराएका उम्मेदवारको अन्तिम नामावली प्रकाशन भइसकेको छ।

देशभरका क्याम्पमा चुनावी सरगर्मी बढिरहेको बेला केही क्याम्पसमा भने स्ववियु सभापतिहरू निर्विरोध निर्वाचित भइसकेका छन्। चुनावअघि नै केही क्याम्पसहरूमा स्ववियुमा विभिन्न विद्यार्थी संगठनका उम्मेदवार अध्यक्षसहित कार्यसमितिमा निर्विरोध निर्वाचित भएका छन्। विद्यार्थी संगठनका नेताहरूले दिएको जानकारीअनुसार हालसम्म सबैभन्दा बढी नेकपा (माओवादी केन्द्र) निकट अनेरास्ववियु क्रान्तिकारीका उम्मेदवार निर्विरोध निर्वाचित भएका छन्। दोस्रोमा अनेरास्ववियु र तेस्रो स्थानमा नेपाल विद्यार्थी संघका उम्मेदवार निर्विरोध भएका छन्।

३२ वटा क्याम्पसको स्ववियु अध्यक्षमा अनेरास्ववियु क्रान्तिकारी निर्विरोध निर्वाचित भएका छन् भने एमालेनिकट अनेरास्ववियुका उम्मेदवार २१ वटा क्याम्पसमा निर्विरोध निर्वाचित भएका छन्। अहिलेसम्म १३ वटा क्याम्पसमा नेविसंघका उम्मेदवार स्ववियु अध्यक्ष, पदाधिकारी र सदस्यमा निर्विरोध निर्वाचित भएका छन्।

यस्तै, नेत्रविक्रम चन्द विप्लव नेतृत्व नेकपाको विद्यार्थी संगठन अखिल क्रान्तिकारीले एक क्याम्पसमा स्ववियु सभापति र तीन क्याम्पसमा उपसभापतिमा निर्विरोध जित हासिल गरेको छ। माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी पार्टीको विद्यार्थी संगठन अनेरास्ववियुले एउटा क्याम्पसमा स्ववियु सभापति जितिसकेको छ।

## ढकाललाई...

अतिथिका रुपमा आमन्त्रित ढकालले उक्त अवसरमा खेलकुदको विभिन्न विधामा विजयी विभिन्न कक्षाका छात्रछात्राहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो। उक्त अवसरमा आफ्नो मन्तव्य राख्नु हुँदै अध्यक्ष ढकालले विद्यालय र प्रतिष्ठान स्थायी रुपमा सहकार्य गर्ने उद्देश्यले एक अर्कासँग आवद्ध भएको हुँदा उक्त विद्यालयलाई प्रतिष्ठानले हरेक वर्ष नियमित रुपमा सहयोग गर्ने बताउनुभयो। जन्मोत्सवको अवसरमा विद्यालयका संस्थापक तथा संरक्षक सुश्री भद्रा घलेको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै अध्यक्ष ढकालले आफूलाई सम्मान गरेकोमा विद्यालयलाई धन्यवाद दिँदै विद्यालयले निमुखा तथा सुविधाविहीन बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न सकोस भन्ने कामनासमेत गर्नुभएको थियो।